# प्रभाव दैनिक
National Daily

वर्ष १० अंक २९१ काठमाडौं सोमबार, ७ फागुन २०८० Prabhab National Daily Monday, February 19, 2024 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-



**सुरक्षित रूपमा वैदेशिक रोजगारमा जाऔं,**

- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔं,
- अनिवार्य रूपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रूपमा श्रम स्वीकृति लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घरपरिवारसँग सरसल्लाह गरौं,
- मानसिक रूपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएकप्रति घरपरिवारलाई छोडौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## विपक्षीको घेराबन्दीमा प्रधानमन्त्री दाहाल





- भौतिक पूर्वाधारमन्त्री प्रकाश ज्वालालाई तत्काल बर्खास्त गर्न विपक्षी दलहरूको दबाब
- प्रतिवेदन अध्ययन गरेपछि दोषीमाथि कारबाही गर्ने प्रधानमन्त्रीको भनाइ

प्रतिवेदन पढ्न पाएको छैन । मिडियाले केही लेखेको कुरा आएको हो । मेरो दोष छैन ।

**प्रकाश ज्वाला**
**मन्त्री, भौतिक पूर्वाधार**

**जेबी योञ्जन**

**काठमाडौं–** भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालालाई पदबाट बर्खास्त गर्न प्रधानमन्त्री पुष्पकमल दाहालमाथि दबाब बढेको छ । १३ पुसमा ललितपुरको बालकुमारीमा दुईजना युवकको ज्यान जाने गरी भएको घटनामा मुख्य दोषी ठहर भएपछि ज्वालालाई मन्त्री पदबाट बर्खास्त गर्न विपक्षी दलहरूले माग गरे ।

आइतबार बसेको संसद् बैठकमा एमाले सचेतक महेश बर्तौलाले मन्त्री ज्वालालाई तत्काल बर्खास्त गर्न सभामुख देवराज घिमिरेमार्फत प्रधानमन्त्री दाहालको ध्यानाकर्षण गराए । उनले मन्त्री ज्वालालाई जोगाएको भन्दै आक्रोश पनि पोखे । घटनामा गृहमन्त्री नारायणकाजी श्रेष्ठ पनि जोगिएको र उनलाई पनि प्रधानमन्त्रीले हटाउनुपर्ने बताए ।

'सिपाहीलाई डण्डा, मन्त्रीलाई झण्डा ? जनतालाई ऐन, ठूला मन्त्रीहरूलाई चैन ? यो कुन खालको विधिको शासन हो ? सरकारको सुशासन यही हो ? यो गम्भीर प्रश्न गर्न चाहन्छु,' सचेतक बर्तौलाले भने, 'त्यसकारण तत्काल घटनासँग जोडिएका मन्त्री र सिंगो गृह प्रशासन नेतृत्व गर्ने गृहमन्त्री पनि यसमा जोडिने अवस्था छ । घटनामा जोडिएका सम्बन्धित मन्त्रीहरूलाई अविलम्व जिम्मेवारीबाट हटाइयोस् । बर्खास्ती गरियोस् ।'

स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतलाई पनि बर्खास्त गर्न बर्तौलाले माग गरे । संसद् बैठकमा विशेष समय लिएर बोल्दै उनले अख्तियार दुरूपयोग अनुसन्धान आयोगले बयान लिएका मन्त्री बस्नेतलाई पनि पदमा बहाल राख्न नहुने बताए । मन्त्री बस्नेत टेरामक्स प्रकरणमा मुछिएका छन् ।

संसद् बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले प्रधानमन्त्री पुष्पकमल दाहाललाई बालकुमारी घटनामा दोषी देखिएका बहालवाला मन्त्री प्रकाश ज्वालालाई के गर्ने भनेर सोधे ? उनले यो प्रकरणमा प्रधानमन्त्रीको परीक्षा हुने पनि बताए ।

(क्रमशः पृष्ठ २ मा)

**मेलम्चीको भ्रष्टाचारविरुद्ध 'एक्सन'मा अख्तियार**

# १५ जनाविरुद्ध मुद्दा पौने ७ अर्ब बिगो दाबी

**को विरुद्ध कति दाबी ?**

- **सूर्यराज कँडेल:** ८९ करोड ८ लाख
- **इप्टिसा:** ८७ करोड ५८ लाख
- **चन्द्रबहादुर थापा:** ७१ करोड ५८ लाख
- **सिएमसी डि रेभेना:** ६५ करोड १४ लाख
- **गजेन्द्रकुमार ठाकुर:** ६० करोड ४९ लाख
- **शिवकुमार शर्मा:** ४८ करोड ३६ लाख
- **केदारप्रसाद अर्याल:** ४४ करोड ७३ लाख
- **रामचन्द्र देवकोटा:** ३२ करोड ३५ लाख
- **मणिभद्र न्यौपाने:** ३२ करोड ३५ लाख
- **रामचन्द्र न्यौपाने:** ३२ करोड ३५ लाख
- **बेगनाथ पौडेल:** ३२ करोड ३५ लाख
- **भोजविक्रम थापा:** ३२ करोड ३५ लाख
- **घनश्याम भट्टराई:** २२ करोड ७५ लाख
- **रुद्रसिंह तामाङ:** ११ करोड ९ लाख
- **सञ्जय शर्मा:** ६ करोड ९७ लाख
- **मुकुन्दप्रसाद पौडेल:** ६ करोड ९७ लाख
- **भीमप्रसाद उपाध्याय:** ४ करोड ११ लाख





भीमप्रसाद उपाध्याय


गजेन्द्रकुमार ठाकुर


रुद्रसिंह तामाङ


सञ्जय शर्मा


सूर्यराज कँडेल

- सबैभन्दा बढी बिगो दाबी गरिएका सूर्यराज कँडेल तत्कालीन आयोजना प्रमुख हुन् । त्यतिबेला उनकी श्रीमती अञ्जु खड्का ट्यांकर र जारबाट पानी व्यापार गर्थिन्
- अर्को धेरै बिगो दाबी गरिएका चन्द्रबहादुर थापा मेलम्ची निवासी हुन् । माओवादी केन्द्रका वैकल्पिक केन्द्रीय सदस्य थापाले आयोजनामा लामो समय रजगज चलाएका थिए
- अख्तियारले मुद्दा दायर गरेका तीन जना डा. सञ्जय शर्मा, भीमप्रसाद उपाध्याय, गजेन्द्रकुमार ठाकुर खानेपानी मन्त्रालयका पूर्वसचिव हुन्

**प्रभाव संवाददाता**

**काठमाडौं–** काठमाडौंबासीको तिर्खा मेटाउने मेलम्ची लामो समयपछि बने पनि पानी नियमित प्रवाह हुन सकेको छैन । अझै पनि मेलम्ची खानेपानी आयोजनाले ठेकेदारको लागत र स्थानीयको जग्गाको भाडा तिरेको छैन । यही समस्या देखाउँदै पानी पठाउन कचिंगल गरिरहने कम्पनीदेखि विभिन्न समयमा यस आयोजनामा संलग्न रहेका सरकारी कर्मचारी र परामर्शदाता कम्पनीविरुद्ध अर्बौं घोटालाको अभियोग लागेको छ ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले आइतबार सार्वजनिक सम्पत्ति हानी नोक्सानी गरेको पाइएको भन्दै १५ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको हो । मेलम्ची खानेपानी आयोजनाको निर्माण कम्पनी सिएमसी डी रेभेनाले काम नै नगरी भुक्तानी गरेको पाइएकाले परामर्शदाता तथा निर्माण कम्पनीमाथि सार्वजनिक सम्पत्ति हानी नोक्सानी गरेको पाइएकाले मुद्दा दायर गरिएको आयोगले जनाएको छ । यता डी रेभेनाले भने कयौं ठेकेदार र निर्माण सामग्री राखेको जग्गाको भाडा अझै नदिएको स्थानीयको आरोप छ ।

अख्तियारले पूर्वसचिव सञ्जय शर्माविरुद्ध छ करोड ९७ लाख ८३ हजार १७८ रूपैयाँ, सहसचिव मुकुन्दप्रसाद पौडेलविरुद्ध छ करोड ९७ लाख ८३ हजार १७८ बिगो दाबी गरेको छ । खानेपानी मन्त्रालयका तत्कालीन सचिव भीमप्रसाद उपाध्यायविरुद्ध चार करोड ११ लाख ३४ हजार २७९ रूपैयाँ बराबरको बिगो दाबी गरिएको छ ।

यसैगरी खानेपानी मन्त्रालयका तत्कालीन सचिव गजेन्द्रकुमार ठाकुरविरुद्ध ६० करोड ४९ लाख १९ हजार ८८४ रूपैयाँ बराबरको बिगो दाबी गरिएको छ । मेलम्ची खानेपानी विकास समितिका तत्कालीन बोर्ड सदस्य रुद्रसिंह तामाङविरुद्ध ११ करोड नौ लाख १७ हजार ४५८ रूपैयाँ बराबरको बिगो दाबी गरिएको छ । तामाङ हाल अध्यागमन विभागमा महानिर्देशक छन् ।

आयोगले मेलम्ची खानेपानी विकास समितिका तत्कालीन बोर्ड सदस्य चन्द्रबहादुर थापाविरुद्ध ७१ करोड ५८ लाख ३७ हजार ६४३, मेलम्ची खानेपानी विकास समितिका तत्कालीन कार्यकारी निर्देशक घनश्याम भट्टराईविरुद्ध २२ करोड ७५ लाख १९ हजार आठ सय ९६ बराबरको बिगो दाबीका मुद्दा दायर गरेको छ ।

मेलम्ची खानेपानी विकास समितिका तत्कालीन कार्यकारी निर्देशक रामचन्द्र देवकोटाविरुद्ध ३२ करोड ३५ लाख ६१ हजार ६६३ बराबरको बिगो दाबी गर्दै विशेष अदालतमा मुद्दा दायर गरिएको आयोगले जनाएको छ । मेलम्ची खानेपानी विकास समितिका तत्कालीन कार्यकारी निर्देशक सूर्यराज कँडेलविरुद्ध ८९ करोड आठ लाख ९८ हजार २८५ रूपैयाँ, समितिका तत्कालीन उपसचिव मणिभद्र न्यौपानेविरुद्ध ३२ करोड ३५ लाख ६१ हजार ६६३, लेखा अधिकृत रामचन्द्र न्यौपानेविरुद्ध ३२ करोड ३५ लाख ६१ हजार ६६३ बराबरको बिगो दाबी गरिएको छ ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भ: वैदेशिक रोजगार**

## वैदेशिक रोजगारसम्बन्धी ठगीका उजुरी जिल्लामै मिलाउन सकिने

**प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले वैदेशिक रोजगारसम्बन्धी ठगीका उजुरी जिल्लामै मिलाउन र कारबाहीका लागि वैदेशिक रोजगार विभागमा सिफारिस गर्नसक्ने व्यवस्था गरेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले 'वैदेशिक रोजगार ठगीका उजुरीको मेलमिलाप तथा सिफारिस गर्नेसम्बन्धी कार्यविधि, २०८० ' मार्फत जिल्ला प्रशासन कार्यालयमा नै उजुरी तथा मिलापत्र गर्न सक्ने व्यवस्था गरेको हो ।

यसबाट वैदेशिक रोजगारसम्बन्धी ठगीका उजुरी विभागले मात्रै हेर्नुपर्ने बाध्यता हट्ने बताइएको छ । जिल्ला प्रशासन कार्यालयले नै वैदेशिक रोजगारसम्बन्धी परेका उजुरीलाई मेलमिलाप गराउन सक्ने कार्यविधिमा व्यवस्था गरिएको छ । यदी मेलमिलाप हुन नसकेको अवस्थामा आवश्यक कारबाहीका लागि विभागमा सिफारिस गर्नुपर्ने उल्लेख छ ।

२०७८ सालमा नै सरकारले जिल्ला प्रशासन कार्यालयमा उजुरी दर्ता गर्न सकिने व्यवस्था गरे पनि मेलमिलाप तथा कारबाहीका लागि सिफारिस गर्न पाउने अवस्था नभएका कारण कार्यविधि ल्याउनु परेको मन्त्रालयले जनाएको छ । यद्यपि प्रमुख जिल्ला अधिकारीले पर्न आएका उजुरीहरूको स्वविवेक प्रयोग गरी छलफल तथा मेलमिलापका लागि पहल गर्दै आएका थिए । मन्त्रालयले गत माघ ४ गतेबाट लागू हुनेगरी कार्यविधि स्वीकृत गरेपछि वैदेशिक रोजागारीसँग सम्बन्धित उजुरी गर्न -जिल्लाबाट काठमाडौं धाउनुपर्ने बाध्यता हटेको बताइन्छ ।




वैदेशिक रोजगारसम्बन्धी ठगी घटनाका पीडित पक्षले आफैं उपस्थित भएर वा हुलाक तथा विद्युतीय माध्यमबाट जिल्ला प्रशासन कार्यालयमा उजुरी दिन सक्ने कार्यविधिमा उल्लेख गरिएको छ । साथै प्राप्त उजुरीलाई सम्बन्धित जिल्ला प्रशासन कार्यालयले तुरुन्तै दर्ता गरेर कारबाही प्रारम्भ गर्नुपर्ने बताइएको छ । उजुरीका सम्बन्धमा प्रमुख जिल्ला अधिकारीले प्रारम्भिक जाँचबुझ गरेर आरोपितलाई ७ दिनभित्र उपस्थित हुन टेलिफोन, इमेल, पत्र वा अन्य माध्यमबाट जानकारी गराउन सक्ने छन् । आरोपित र पीडितपक्ष उपस्थित भएपछि आवश्यक छलफल गराई क्षतिपूर्ति दिलाई मेलमिलाप गराउन सक्ने व्यवस्था छ । तर यसको जानकारी भने विभागलाई दिनु पर्ने छ । मेलमिलाप नहुने अवस्था भएमा वा मेलमिलाप गराउन मिल्ने नदेखिएमा प्रमुख जिल्ला अधिकारीले सक्कल कागजात एवं प्रमाणसमेत संलग्न गरी सक्कलै उजुरीसहितको प्रतिवेदन विभागमा पठाउनुपर्ने कार्यविधिमा उल्लेख गरिएको छ । मेलमिलापका लागि आरोपित पक्ष उपस्थित नभएमा जिल्ला प्रशासन कार्यालयले प्रहरीमार्फत झिकाउन सक्ने व्यवस्था गरिएको छ भने आरोपित व्यक्ति अन्य जिल्लाको भएमा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीको सहयोगमा प्रहरीले नियन्त्रणमा लिएर बुझाउन सकिने कार्यविधिमा उल्लेख छ । तर मुद्दा तथा जरिवानासम्बन्धी सजाय दिने प्रक्रियाको अधिकार भने विभागलाई नै दिइएको छ ।

मिलापत्र भइसकेको उजुरीका सम्बन्धमा पुनः उजुरी नलिने व्यवस्था गरिएको छ भने वैदेशिक रोजगारीको ठगीबाहेक अन्य फौजदारी कसूर आकर्षित हुने मुद्दामा मेलमिलाप गराउन नपाइने कार्यविधिमा प्रस्ट उल्लेख गरिएको छ ।

## पोर्चुगल पठाइदिने भन्दै ठगी गरेको आरोपमा पक्राउ

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि पोर्चुगल पठाइदिन्छु भन्दै प्रलोभनमा पारी रकम ठगी गर्ने एक जना पक्राउ परेका छन् । पोर्चुगलमा आकर्षक तलबसहितको रोजगारी लगाइदिने भन्दै पीडितसँग रकम लिएर फरार रहेको आरोपमा समिरकुमार कर्णलाई प्रहरीले पक्राउ गरेको हो ।

चितवनको खैरेनी नगरपालिका-२ घर भई हाल भक्तपुर बालकोट बस्ने २६ वर्षीय कर्णले सम्पूर्ण तामाङलाई पोर्चुगल पठाई एक प्रतिष्ठित कम्पनीमा मासिक एक लाख ५० हजार रूपैयाँ तलबमा प्याकिङसम्बन्धी काम लगाइदिने प्रलोभनमा पारी रकम ठगी गरेको प्रहरीले जनाएको छ । निज कर्णले पीडितसँग पटक-पटक गरी आठ लाख ३० हजार रूपैयाँ लिएर फरार भएको प्रहरी अनुसन्धानबाट खुलेको छ ।

रकम संकलन गरी फरार रहेका उनलाई खोजतालासका क्रममा बानेश्वर पानीटचांकीबाट पक्राउ गरिएको बताइएको छ । कर्णले पीडितबाट रकम लिएर सम्पर्कविहीन भएको उजुरीका आधारमा वैदेशिक रोजगार विभाग काठमाडौंले पक्राउ गरी उपस्थित गराइदिन प्रहरीलाई पत्राचार गरेको थियो । सोही आधारमा पक्राउ परेका उनलाई थप अनुसन्धान तथा कारबाहीका लागि विभागमा बुझाइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक रविन्द्र रेग्मीले जानकारी दिए ।

## कांग्रेस महासमिति गोदावरीमा हिन्दूराष्ट्र एजेण्डा नबन्ने

**काठमाडौं (प्रस)–** नेपाली कांग्रेसको महासमिति बैठक आजबाट सुरु हुँदै छ । ललितपुरको गोदावरीस्थित सनराइज सम्मेलन केन्द्रमा दिउँसो १ बजे पार्टी सभापति शेरबहादुर देउवाले उद्घाटन गरेसँगै महासमिति बैठक सुरु हुने छ ।

केन्द्रीय सूचना, सञ्चार तथा प्रचार विभाग प्रमुख मीनबहादुर विश्वकर्माकाअनुसार महासमितिमा दुई हजार १०५ जना सहभागी हुने छन् । 'वर्तमान केन्द्रीय समितिका पदाधिकारी तथा केन्द्रीय सदस्यहरू १६५, प्रतिनिधिसभा निर्वाचन क्षेत्रबाट प्रतिनिधित्व हुने महासमिति सदस्यहरू एक हजार ७८०, नेपाली जनसम्पर्क समितिबाट ८९, भ्रातृ तथा शुभेच्छुक संस्थाहरूबाट ६९ र महासमितिका सदस्य नरहेका प्रदेश कार्यसमितिका सभापति, जिल्ला कार्यसमितिका सभापति र भ्रातृ संघ तथा शुभेच्छुक संस्थाका केन्द्रीय अध्यक्षहरूलाई महासमिति बैठकमा आमन्त्रित सदस्यका रूपमा सहभागी गराइने छ,' विभाग प्रमुख विश्वकर्माले भने ।

बैठकमा विभिन्न चार वटा समूह बनाएर छलफल हुने कार्यतालिका रहेको छ ।

**हिन्दूराष्ट्र एजेण्डा नबन्ने**

कांग्रेसको भावी नीति तय गरिने महासमितिमा मुख्यतः तीनवटा प्रस्ताव पेस हुँदै छ । जसमा पार्टी उपसभापति पूर्णबहादुर खड्काले



नीति, महामन्त्री गगन थापाले सांगठनिक र अर्का महामन्त्री विश्वप्रकाश शर्माले समसामयिक राजनीतिक प्रस्ताव पेस गर्ने छन् ।

ती प्रस्तावमा हिन्दूराष्ट्रको एजेण्डा पनि समावेश गर्नुपर्ने केन्द्रीय सदस्य शंकर भण्डारीको माग थियो । उनले २२ केन्द्रीय सदस्यको हस्ताक्षरसहित केन्द्रीय समितिमा पूरक प्रस्तावसमेत पेस गरेका थिए । तर यो एजेण्डा छलफलको विषय नबन्ने प्रचार विभाग प्रमुख विश्वकर्माले दाबी गरेका छन् ।

'नेपाली कांग्रेस कुनै पनि एकल विचारको पक्षमा छैन । त्यसैले हामीले बहुलवादमा आधारित बहुदल भन्यौं । एकल धर्मको राज्य, एकल वंशको शासन, एकल जातीय शासन, एकल विचारको शासन नेपाली कांग्रेसका लागि स्वीकार्य छैन,' महासमितिस्थल गोदावरीमा आइतबार भएको पत्रकार सम्मेलनमा उनले बताए ।

**देउवालाई शेखरको प्रश्न- कहिलेसम्म कम्युनिस्टहरूको पछि लाग्ने ?**

कांग्रेस नेता डा. शेखर कोइरालाले निर्वाचनमा पार्टीको भोट घटेकोबारेमा महासमिति बैठकमा गम्भीर छलफल हुनुपर्ने बताएका छन् । महासमितिको पूर्वसन्ध्यामा आइतबार राजधानीको बत्तीसपुतलीस्थित अनुपम फुडल्यान्डमा आफूपक्षीय नेताहरूको भेलामा कोइरालाले यस्तो विचार राखेका हुन् ।

बिपी अध्ययन प्रतिष्ठानले महासमिति आयोजना गरेको 'चियापान कार्यक्रम'मा उनले गठबन्धनका कारण निर्वाचनमा पार्टीको मत घटेको भन्दै महासमिति बैठकमा गम्भीर समीक्षा हुनुपर्नेसमेत बताए ।

(क्रमशः पृष्ठ २ मा)

# 'मधुमेहबारे व्याप्त भ्रम चिर्न आवश्यक छ'

**काठमाडौं–** मधुमेह तथा हर्मोनरोग विशेषज्ञ डा. ज्योति भट्टराईले मधुमेहको जोखिमबाट बच्न स्वस्थ्य एवं सन्तुलित भोजन, शारीरिक व्यायम, तनावमुक्त जीवनशैली र नियमित स्वास्थ्य परीक्षण गर्न सुझाव दिएका छन् ।

राष्ट्रिय समाचार समिति (रासस) को ६३औं वार्षिकोत्सवको सन्दर्भमा आइतबार यहाँ आयोजित अन्तर्क्रिया कार्यक्रममा डा. भट्टराईले मधुमेहबारे समाजमा व्याप्त भ्रम रहेको भन्दै उक्त भ्रम चिर्न आवश्यक रहेको बताए । मधुमेह भएकाले सन्तुलित खानापानमा विशेष ध्यान दिनुपर्नेमा उनले जोड दिए ।

पछिल्लो समय मधुमेहका बिरामीको संख्यासँगै यसको जोखिम पनि बढ्दै गइरहेकोबारे सचेत गराउँदै डा. भट्टराईले मधुमेहका बिरामीले चिकित्सकको सल्लाहबमोजिम मात्र खानपान र औषधिको प्रयोग गर्न सुझाव दिए । 'मधुमेह रोगबारे हाम्रो समाजमा धेरै भ्रम र अन्योलता छ । हरियो घाँसमा खालीखुट्टा हिँड्नुपर्छ भन्ने कुरा बिरामीले सुनाउनुहुन्छ । यस्ता बिरामीले स्पोर्टस् जुत्ता लगाउन उपयुक्त हुन्छ । धेरै कस्सिएको र असहज हुने जुत्ता नलगाउने, खुट्टाको नियमित सरसफाइमा ध्यान दिनुपर्छ,' उनले भने, 'सुगर फ्रि (चिनीरहित भनिएका चामल, बिस्कुट वा कुनै पनि परिकारले मधुमेह निको हुँदैन । यस्ता विज्ञापनका आधारमा खाना उपभोग गर्नु हुँदैन । यसले फाइदा कम बेफाइदा बढी हुन्छन् ।'

डा. भट्टराईले बजारमा पाइने सुगर फ्रि भनिएका खाद्यान्न खानुभन्दा गाउँघरमा उत्पादित अन्न खानु स्वास्थ्यका लागि स्वस्थकर हुने बताउँदै सरकारले किसानलाई प्रांगारिक उत्पादनमा गर्न प्रोत्साहन हुने किसिमका नीति बनाउनुपर्नेमा जोड दिए । 'मकै, भटमास, गेडागुडी, साग, रेसादार फलफूल सेवन गर्नु पर्दछ,' उनले भने, 'मदिरा, बजारमा पाइने पेयदार्थ, चुरोटलगायत हानिकारक वस्तुको प्रयोग नगर्ने हो भने पनि मधुमेहको जोखिमबाट बच्न सकिन्छ ।'

डा. भट्टराईले मधुमेह वंशाणुत र वातावरण गरी दुई कारणले हुने उल्लेख गर्दै स्वस्थ्य जीवनशैली अपनाउँदा यसको नियन्त्रण गर्न सकिने बताए । उनले उच्च मधुमेहले टाउकोदेखि खुट्टासम्मका विभिन्न भागमा असर पार्ने बताए । 'मुख्यतः मधुमेहका कारण अन्धोपन, मिर्गौलामा समस्या, मुटुरोग, खुट्टा, खुँडा र पैतलामा समस्या हुने गर्दछ,' उनले भने ।

मधुमेहका बिरामीमा थकाई, आलस्य, पिसाब धेरै लाग्ने, तौल घट्ने, खुट्टा पोल्ने, मुख सुख्खा हुने, कमजोरी र घाउ छिटो निको नहुने लक्षण देखिने डा. भट्टराईले जानकारी दिए । समयमा नै यो रोग नियन्त्रण गर्न सके सक्रिय जीवनशैली अपनाउन सकिने उनले बताए । झण्डै ५० प्रतिशत बिरामीमा यसको लक्षण नदेखिने उनको भनाइ थियो ।

मधुमेह तथा हर्मोनरोग विशेषज्ञ डा. भट्टराईले मोटो मानिसलाई मात्र मधुमेह हुन्छ भन्ने आम बुझाइ रहेको भन्दै दुब्लो व्यक्तिमा समस्या हुनसक्ने भएकाले सबैले नियमित स्वास्थ्य परीक्षण गर्नुपर्ने बताए । 'मधुमेह जुनसुकै व्यक्तिलाई हुनसक्छ । *रासस*

पृष्ठ १ बाट क्रमशः

## विपक्षीको घेराबन्दीमा...

'प्रधानमन्त्रीको आज जाँच हुन्छ । दोषी ठहरिएका मन्त्रीलाई के गर्ने हो ?,' संसद् बैठकमा लामिछानेले भने । जाँचबुझ आयोगले दोषी ठहर गर्दा पनि मन्त्री ज्वालाले नैतिकता नदेखाएको भन्दै लामिछानेले रोष प्रकट गरे ।

'अहिलेसम्म मन्त्रीले न नैतिकताको प्रदर्शन गरेका छन्, न प्रधानमन्त्रीले छनक देखाउनुभएको छ,' उनले भने, 'छानबिन आयोगले दोषी ठहऱ्याउँदा पनि चुइँक्क नबोली भाषण गर्दै हिँड्नेसँग नैतिकता हुन्छ ?'

संसद्को अर्को विपक्षी दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का सांसद दीपक सिंहले पनि मन्त्री ज्वालालाई छिटो पदबाट बर्खास्त गर्न माग गरे । बालकुमारी घटनामा दोषी देखिँदा पनि प्रधानमन्त्रीले ज्वालालाई जोगाइ राखेको भन्दै सिंहले शंका गरे । उनका अनुसार राप्रपाले बालकुमारी घटनामा दोषी देखिएका मन्त्रीलाई जोगाउनु हुँदैन । आइतबारको संसद् बैठकको शून्य समयमा बोल्दै उनले भने, 'छानबिन समितिले दोषी ठहर गरेको छ । मन्त्री ज्वालालाई हटाउन राप्रपा माग गर्दछ ।'

इपिएस भाषा परीक्षामा सहभागिताको विषयलाई लिएर गत १३ पुसको दिन पनि युवाहरू बालकुमारी क्षेत्रमा आन्दोलित थिए । त्यहीबेला मन्त्री ज्वाला आन्दोलन भइरहेको क्षेत्र हुँदै हिँडेको र त्यहीबेला युवाहरू थप उत्तेजित हुनेगरी अभिव्यक्ति दिएको पाइएको जाँचबुझ समितिको निष्कर्ष छ । त्यही भएर अन्ततः बालकुमारी घटना हुन पुगेको समितिले जनाएको छ । घटनामा अछामका वीरेन्द्र शाह र दैलेखका सुजन राउतको मृत्यु भएको थियो । यही घटनामा मन्त्री ज्वाला जाँचबुझ आयोगबाट दोषी ठहर भइसकेका छन् । तर, उनलाई हटाउन न प्रधानमन्त्रीले कदम थाले, न त पूर्वप्रधानमन्त्रीसमेत रहेका नेकपा एसका अध्यक्ष खनालले फिर्ता बोलाए । यसले गर्दा पनि विपक्षी दलहरूले संशय प्रकट गरेका हुन् ।

### कारबाही हुन्छ : प्रधानमन्त्री

माधवकुमार नेपाल नेतृत्वको नेकपा एकीकृत समाजवादीबाट ज्वाला भौतिक पूर्वाधार तथा यातायातमन्त्री भएका हुन् । अध्यक्ष नेपालले पार्टी संसदीय दलको बैठक बोलाएर मन्त्री ज्वालालाई फिर्ता बोलाउने निर्णय गरेकै छैन । यसले गर्दा प्रधानमन्त्री दाहाल अप्ठेरोमा परेका छन् । तर, उनलाई विपक्षी दलहरूको दबाब थेगिसक्नु छैन । आइतबारको संसद् बैठकमा सबै विपक्षी दलहरूले तत्काल बर्खास्त गर्न माग गरेपछि प्रधानमन्त्री दाहालले बालकुमारी घटनाको प्रतिवेदन अध्ययन गरेपछि दोषीलाई कारबाही गर्ने बताए । उनले प्रतिवेदन आफूले पाउन बाँकी रहेको पनि बताए ।

'छानबिन समितिको प्रतिवेदन आएको छ । समितिले गृह मन्त्रालयलाई बुझाएको छ र आज (आइतबार) मेरोमा आउँछ । प्रतिवेदन अध्ययन गरेपछि दोषीमाथि कारबाही गरिन्छ,' दाहालले संसद्मा भने । उनले घटनाको तथ्यलाई बंग्याएको भन्दै विपक्षी दलहरूको आलोचना गरे । घटनाप्रति गम्भीर भएरै तत्काल छानबिन समिति बनाइएको र घटनामा संलग्नलाई निलम्बन गरिएको उनको भनाइ छ । 'छानबिन समिति प्रतिपक्षीले बनाएको हो र ? होइन । मेरै प्रस्तावमा बनेको हो,' प्रधानमन्त्री दाहालले भने ।

### मेरो दोष छैन : मन्त्री ज्वाला

जाँचबुझ समितिले बालकुमारी घटनामा मुख्य दोषी ठहर गरेको अवस्थामा पनि भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले भने आफ्नो दोष नभएको बताएका छन् । संसद् बैठकमा उठेको प्रश्नको जवाफ दिँदै उनले भने, 'मेरो कुनै दोष छैन ।'

उनले आयोगले गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई बुझाएको प्रतिवेदन अध्ययन गर्न पनि बाँकी रहेको बताए । त्यसपछि के गर्ने भन्ने टुंगोमा पुगिने उनको भनाइ छ । उनले भने, 'प्रतिवेदन पढ्न पाएको छैन । मिडियाले केही लेखेको कुरा आएको हो ।'

जाँचबुझ समितिको अध्यक्ष उच्च अदालतका पूर्वन्यायाधीश शेखरप्रसाद पौडेल थिए । आयोगका सदस्यहरू पूर्वअतिरिक्त प्रहरी महानिरीक्षक अरुणकुमार बिसी र गृह मन्त्रालयका सहसचिव नारायणप्रसाद भट्टराई थिए । आयोगले पुस २० देखि काम सुरु गरेर १५ दिन समय थप गरी ४४ दिनमा प्रतिवेदन बुझाएको थियो । आयोगले घटनास्थलको निरीक्षण गरेको, प्रत्यक्षदर्शी, सञ्चारकर्मी, पीडित परिवार, घटनाका घाइते, विशेषज्ञ डाक्टर तथा घटनासँग सम्बन्धित अन्यसहित १६ जनाको बयान अभिलेख गरेको र घटनासँग सम्बन्धित सुरक्षा निकायका पदाधिकारी एवं अन्यसमेत गरी २९ जनाको बयान लिएको थियो ।

■■■

## १५ जनाविरुद्ध...

तत्कालीन उपसचिव बेगनाथ पौडेलविरुद्ध ३२ करोड ३५ लाख ६१ हजार ६६३, तत्कालीन उपसचिव केदारप्रसाद अर्यालविरुद्ध ४४ करोड ७३ लाख ७३ हजार ७२,समितिका उपकार्यकारी निर्देशक भोजविक्रम थापाविरुद्ध ३२ करोड ३५ लाख ६१ हजार ६६३ बराबरको बिगो दावी गरेको छ ।

परामर्शदाता कम्पनीका 'डिपुटी टिम लिडर' शिवकुमार शर्माविरुद्ध ४८ करोड ३६ लाख सात हजार ५८०, परामर्शदाता कम्पनी इप्टिसालाई ८७ करोड ५८ लाख ८३ हजार ३६० र निर्माण कम्पनी सिएमसीलाई ६५ करोड १४ लाख ५७ हजार ४१० बराबरको बिगो दाबी गर्दै विशेष अदालतमा मुद्दा दायर गरिएको आयोगका प्रवक्ता नरहरि घिमिरेले जनाए ।

### मुछिएका तीनजना पूर्वसचिव

अख्तियारले मुद्दा दायर गरेका तीन जना खानेपानी मन्त्रालयका पूर्वसचिव हुन् । डा. सञ्जय शर्मा, भीमप्रसाद उपाध्याय, गजेन्द्रकुमार ठाकुर यो अभियोगमा मुछिएको पूर्वसचिवहरू हुन् । मन्त्रालयका सचिवका हैसियतमा तीनै जना मेलम्ची खानेपानी बोर्ड अध्यक्षहरू बनेका थिए ।

### को हुन् कँडेल ?

मेलम्चीमा सबैभन्दा बढी नोक्सानी गरेको अभियोग सूर्यराज कँडेलमाथि लागेको छ । उनी तत्कालीन समयमा मेलम्ची आयोजनाको प्रमुख थिए । वि.सं. २०७५ तिर ठेकेदारलाई भगाउने कँडेल भएको दाबी गरिन्थ्यो । कँडेल हाकिम हुँदा उनका श्रीमती अञ्जु खड्का टचांकर व्यवसायी थिइन् । क्रिस्टल अक्वा पानी व्यापारमा खड्का संलग्न थिइन् । त्यसैले कँडेललाई टचांकरको पानी बेचेको आरोप लाग्यो । कँडेलमाथि ८९ करोड आठ लाख ९८ हजार दुई सय ८५ रूपैयाँका बिगो दाबी अख्तियारले गरेको छ ।

### इप्टिसाबाट पनि क्षति

मेलम्चीको मुख्य परामर्शदाता कम्पनी हो 'इप्टिसा' । कम्पनीको कार्यशैलीले आयोजनाको काम प्रभावित हुने गरेको आरोप यसअघि लाग्दै आएको थियो । इप्टिसाले आयोजनाको अनुगमन, डिजाइन सुभरभिजन, सुरुङ गुणस्तर, वातावरणीय पक्षको व्यवस्थापन र समग्र प्राविधिक पक्ष नियाल्ने जिम्मेवारी पाएको थियो । तर कम्पनीको व्यावसायिक र व्यवस्थापकीय पक्ष निकै कमजोर भएकाले आयोजना अवधि लम्बिन पुगेको र मेलम्चीमा क्षति पुगेकोसमेत बताइएको छ ।

स्पेनमा मुख्यालय रहेको इप्टिसा ८ वर्षअघि मेलम्ची आयोजनाको मुख्य परामर्शदाता नियुक्त भएको थियो । उक्त कम्पनी मातहत टिएससी, जियोकम, सिल्ट र टेक नामक कम्पनी स्वदेशी 'सब कन्सल्टचान्ट' छन् । दक्षिण एसियाका लागि इप्टिसाको क्षेत्रीय कार्यालय भारतको कलकत्तामा छ । इप्टिसामाथि अख्तियारले ८७ करोड ५८ लाख ८३ हजार ३६० रूपैयाँ बिगो दाबी माग गरेको छ ।

### को हुन् थापा ?

७१ करोड ५८ लाख भ्रष्टाचारको आरोप लागेका थापा मेलम्ची क्षेत्रका साविकको १४ गाविसमा सञ्चालन भएको उक्त समितिका अध्यक्ष थिए । थापा २०६४ देखि २०७० सम्म उक्त समितिका अध्यक्ष भएर कार्यक्रम सञ्चालन गरेका थिए ।

मेलम्ची क्षेत्रमा सञ्चालित उक्त कार्यक्रम विवादमा परेको थियो । थापा अध्यक्ष हुँदा धेरै कार्यक्रम विवादमा परेको थियो भने नियमित रूपमा गर्नुपर्ने अधिवेशनसमेत नगरेर लामो समय आफैं अध्यक्ष भएर बसेका थिए । स्थानीयको चर्को दबाबपछि उनले त्यतिबेला ह्योल्मो सिन्धु मेलम्ची उपत्यका सामाजिक उत्थान कार्यक्रमको अध्यक्ष छाडेर त्यहीबाट प्रभावितहरूको तर्फबाट प्रतिनिधित्व गर्दै मेलम्ची खानेपानी आयोजनाको बोर्ड सदस्य भएका थिए ।

मेलम्ची नगरपालिका-१ निवासी चन्द्रबहादुर थापा माओवादी वृत्तमा 'किशोर' उपमाले परिचित छन् । माओवादी युद्धको समयमा भूमिगत भएर विभिन्न जिल्लाको इञ्चार्जसमेत भएका थापा शान्ति प्रक्रियामा आएपछि सिन्धुपाल्चोक जिल्लाका सेक्रेटरी भएका थिए । थापा हाल माओवादीका वैकल्पिक केन्द्रीय सदस्य हुन् ।

■■■

## कांग्रेस महासमिति...

'कांग्रेसको भोट प्रतिशत घट्दै गइरहेकाले पनि कम्युनिस्टहरूको पछि लागेर हिँड्ने अवस्थाको अन्त्य हुनेगरी महासमिति बैठकमा गम्भीर रूपमा छलफल हुनुपर्छ,' कोइरालाले भने । पार्टीको जनमत घटिरहेका बेला हामी सरकारमा बसेका छौं भनेर खुसी हुने अवस्था नरहेको उनको भनाइ थियो । उनले निर्वाचन प्रणालीको सुधारका लागि पनि महासमिति बैठकमा छलफल हुनुपर्ने बताए ।


अरिहन्त मल्टिफाईवर्स लिमिटेड
सोनापुर, सुनसरीको
**वार्षिक साधारण सभा बस्ने सूचना**

अरिहन्त मल्टिफाईवर्स लिमिटेडको मिति २०८०।१०।२६ गतेका दिन बसेको संचालक समितिको बैठकले गरेको निर्णय अनुसार यस कम्पनीको आर्थिक वर्ष २०७९।८० को तिसौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**(१) सभा हुने मिति, समय र स्थान :**
१. मिति : २०८०।११।२५ गते (तदनुसार ०८ मार्च २०२४)
२. समय : बिहानको १०:०० बजे
३. स्थान : कम्पनीको मुख्य कार्यालय, बिराटनगर

**(२) छलफलका लागि प्रस्तुत हुने विषयहरु :**
१. संचालक समितिले तयार गरेको आ.व.२०७९।०८० को वार्षिक प्रतिवेदन पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको ३१ आषाढ २०८० को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने।
३. चालु आर्थिक बर्ष २०८०।०८१ का लागि लेखापरीक्षकको नियुक्ती र निजको पारिश्रमिक तोक्ने।
४. कम्पनी ऐनको दफा ७८ को प्रतिवेदन सम्बन्धमा।
५. चन्दा उपहार खर्चको अनुमोदन सम्बन्धमा।
६. विविध।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**



**सिद्धार्थनगर नगरपालिका रुपन्देहीको नगरवासीहरुमा हार्दिक अनुरोध**

- सार्वजनिक स्थल अतिक्रमण गरी संरचना नबनाऊ/सामग्री नराखौं।
- जथाभावी फोहोर नफालौं, नगरपालिकाको कार्यालयद्वारा सञ्चालित फोहोर संकलन गर्ने सवारी साधनमा मात्र फोहोर फाल्ने बानी बसालौं।
- प्रत्येक नगरवासीले आफ्नो घर-आँगन वरपर वृक्षारोपण गरी नगरलाई सफा, सुन्दर र हरित नगरपालिकाको रूपमा विकास गरौं।
- जनस्वास्थ्य र नगरको सौन्दर्यतामा समेत प्रतिकूल असर पर्ने भएकोले गुट्खा प्रकृतिका सूर्तिजन्य पदार्थको बिक्री वितरण र सेवन नगरौं।
- घरपालुवा चौपायाहरू छाडा नछाडौं, दुर्घटना न्यूनिकरणमा सहकार्य गरौं।
- भवनको नक्सा पास गरेर मात्र भवन निर्माण गरौं, भवन संहिताको पालना गरौं।
- आफ्नो टोलमा हप्ताको एक दिन नियमित रूपमा सरसफाई गरौं।
- सामाजिक संघ-संस्थाले सामाजिक उत्तरदायित्व अर्न्तगत सुन्दर नगर निर्माणका आफ्नो कर्तव्य निर्वाह गरौं।

**नवराज पौड्याल** प्रमुख प्रशासकीय अधिकृत
**उमा अधिकारी** नगर उपप्रमुख
**इश्तियाक अहमद खाँ** नगर प्रमुख



**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : **NAS MANPOWER COMPANY**
पुर्व स्वीकृति मिति २०८०/०६/०५ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०६ LT. No. 292884 चलानी नं. ६०२०८०२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 45 | 0 | 1800 | ६३,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन १४ गते (26th Feb. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. १८५/०५७/०५८
**Kapeel Manpower Pvt. Ltd.**
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np


## आजको राशिफल




आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com


फागुन ७ गते २०८०, सोमबार

| | |
|---|---|
| **मेष** | नजिकको व्यक्तिबाट सहयोग पाइनेछ । |
| **वृष** | रोकिएका अधुरा कामहरू पुरा हुन सक्छ । |
| **मिथुन** | आज समस्या दर्साउँदा सुखदुःखमा साथ दिनेहरू भेटिनेछन् । |
| **कर्कट** | दुष्ट व्यक्तिको संगतले आत्मघाती काम गर्न पुगिएला । |
| **सिंह** | प्रेममा मनमुटावका साथै मन कमजोर रहला । |
| **कन्या** | प्राविधिक र स्वास्थ्य विषयमा बढी सफलता मिल्नेछ । |
| **तुला** | स्वादिष्ट भोजनको अवसर प्राप्त हुने योग छ । |
| **वृश्चिक** | स्वास्थ्य क्षेत्रमा सजगता अपनाउनु होला । |
| **धनु** | नयाँ कार्यको योजना बन्ने र शुभ कार्यको चर्चा हुनेछ । |
| **मकर** | अरूको मुख नताकी सही निर्णय लिन सके प्राप्त होला । |
| **कुम्भ** | धर्मकर्म तथा समाज सेवामा मन लाग्नेछ । |
| **मीन** | प्रेमसम्बन्ध र प्रणयप्रसंगका लागि श्रेष्ठ समय रहेको छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) | ४२५५५४०/४२५५५४१ |
| भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

फागुन ७ गते, २०८०, १९ फेब्रुअरी, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.६२ | |
| युरो | १ को | १४४.४२ | १४५.०७ |
| पाउन्ड स्टिर्लङ | १ को | १६७.५८ | |
| स्विस फ्रैन्क | १ को | १५४.१० | १५४.८० |
| अस्ट्रेलियन डलर | १ को | ८७.५५ | |
| क्यानाडियन डलर | १ को | ९८.२९ | ९८.७३ |
| सिंगापुर डलर | १ को | ९८.९२ | |
| जापानी येन | १० को | ९.०४ | ९.०८ |
| चिनियाँ युआन | १ को | १८.४४ | |
| साउदी अरब रियाल | १ को | ३५.३६ | ३५.५२ |
| कतारी रियाल | १ को | ३६.३६ | |
| थाई भाट | १ को | ३.७५ | ३.७७ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.११ | |
| मलेसियन रिङेट | १ को | २८.२७ | २८.३९ |
| दक्षिण कोरियन वन | १०० को | ९.९२ | |
| स्विडिस क्रोनर | १ को | १२.७४ | १२.८० |
| डेनिस क्रोनर | १ को | १९.३६ | |
| हङकङ डलर | १ को | १६.९५ | १७.०३ |
| कुवेती दिनार | १ को | ४३०.९५ | |
| बहराइन दिनार | १ को | ३५१.८१ | ३५३.४० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचद।यचन।लउ मा उपलब्ध हुनेछ ।

# मुख्यमन्त्री यादवलाई तेस्रोपटक विश्वासको मत



धनुषा (प्रस)- मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले तेस्रोपटक विश्वासको मत पाएका छन् । उनले मुख्यमन्त्री भएयता आइतबार तेस्रोपटक विश्वासको मत लिएका हुन् ।

मुख्यमन्त्री यादवले सदनमा आइतबार उपस्थित १०४ प्रदेशसभा सदस्यमध्ये ६९ मत पाएका हुन् । उनको विपक्षमा ३५ मत परेको छ । मुख्यमन्त्री यादवलाई एमाले र जनमत पार्टीबाहेकका दलका प्रदेशसभा सदस्यले विश्वासको मत दिएका छन् ।

गत माघ ९ गते जनमत पार्टीका दुई मन्त्रीले सरकार छाड्दै प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादवले विश्वासको मत लिनुपरेको हो । मधेस प्रदेशसभामा एमालेका २४, कांग्रेसका २२, जनता समाजवादी पार्टीका १९, जनमत पार्टीका १३, नेकपा माओवादी केंद्रका नौ, लोकतान्त्रिक समाजवादी पार्टीका नौ, नेकपा एकीकृत समाजवादीका सात तथा नागरिक उन्मुक्ति पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी र स्वतन्त्रतर्फ एक-एक प्रदेशसभा सदस्य रहेका छन् ।

# आयल निगममा भट्ट र दूरसञ्चार प्राधिकरणमा भण्डारी नियुक्त

**■ प्रभाव संवाददाता**

**काठमाडौं-** सरकारले नेपाल आयल निगमको कार्यकारी निर्देशकमा डा. चण्डिकाप्रसाद भट्टलाई नियुक्त गरेको छ । मन्त्रिपरिषद्को आइतबार बसेको बैठकले भट्टलाई नियुक्त गर्ने निर्णय गरेको हो ।

यसैगरी नेपाल दूरसञ्चार प्राधिकरणको अध्यक्षमा भूपेन्द्र भण्डारीलाई नियुक्त गर्ने निर्णय गरेको छ । सोही बैठकले डेडिकेटेड फिडर तथा ट्रंक लाइनबाट विद्युत् उपभोग गर्ने ग्राहकहरूको विद्युत् महसुलसम्बन्धी विवाद निरूपण गर्न गठित जाँचबुझ आयोगको म्याद एक महिना थप्ने निर्णय गरेको जानकारी दिइएको छ ।

यस्तै सशस्त्र द्वन्द्वमा घाइते भई अपांगता भएका व्यक्तिहरूको अपांगता प्रतिशत निर्धारण तथा पुनरवलोकन कार्यविधि, २०७४ को अध्ययन गरी दुई महिनाभित्र परिमार्जित मस्यौदा पेस गर्न गृह मन्त्रालयका सचिवको संयोजकत्वमा कार्यदल गठन गर्ने, राष्ट्रिय प्रसारण (बाह्रौं संशोधन) नियमावली, २०८० स्वीकृत गर्ने, बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसद्समक्ष पेस गर्न स्वीकृति दिने, प्रोवेशन तथा प्यारोलसम्बन्धी नीति, २०८० स्वीकृत गर्नेलगायत निर्णय गरिएको छ ।

मन्त्रिपरिषद् बैठकले नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को सदस्यसचिवमा डा. प्रमोद जोशीलाई नियुक्त गर्ने निर्णयसमेत गरेको छ । साथै, एनसेलको सेयर खरिद बिक्रीसम्बन्धी अध्ययन तथा छानविन गर्न गठित समितिको प्रतिवेदन कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाउने निर्णय पारित गरेको अर्थमन्त्रीको सचिवालयले जानकारी दिएको छ ।

सुरक्षण मुद्रण केन्द्रका कार्यकारी निर्देशक विकल पौडेलले अमेरिकाको कानुनी स्थायी आवासीय अनुमति लिएको देखिएकाले सुरक्षण मुद्रण केन्द्रको कार्यकारी निर्देशक पदबाट हटाउने निर्णय मन्त्रिपरिषद्ले पारित गरेको छ ।


## UAE मा रोजगार PLUS SEVEN CONTRACTING LLC, UAE

पूर्व स्विकृति मिति: 2080.8.05 चलानी नं. ६०२१०२९७ LT No.295299 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब AED | N. Rs. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Painter | 10 | काममा दक्ष | 1000 | 36261 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| 2 | Plumber | 10 | | 1000 | 36261 | | | | | | | |
| 3 | Eletrician | 10 | | 1000 | 36261 | | | | | | | |

[illegible]

अन्तरवार्ता: मेनपावर कार्यालय, काठमाडौमा: २०८० फागुन १४ गते (26 February 2024) हुनेछ।

[illegible]

लागत खर्च: नि:शुल्क

TALENT OVERSEAS SERVICE PVT. LTD.
Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph: 5915744



## युएई/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AFFORDABLE GUARDING SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८०/११/०६ LT. No. 300222 चलानी नं. ६०२१५१४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Life Guard | 30 | 0 | 1200 | ४३,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Security Guard | 50 | 0 | 1200 | ४३,३९० | | | | | | | |

कम्पनी : AL SUKHNA CONTRACTING & HOSPITALITY

पूर्व स्वीकृति मिति : २०८०/११/०५ LT. No. 300223 चलानी नं. ६०२१५०८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 0 | 2 | 1000 | ३६,४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Ground Steward | 0 | 2 | 1000 | ३६,४७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १४ गते (26th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्भौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Pari Overseas Pvt. Ltd.
श्रम ईजाजत नं. ११७७/०७३/०७४
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : YAHMI FACILITIES MANAGEMENT SERVICES CO.

पूर्व स्वीकृति मिति २०८०/११/०६ LT. No. 300201 चलानी नं. ६०२१५१५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Valet Parking Drivers | 100 | 0 | 1500 | ५४,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १४/१६ गते (26/28 Feb. 2024) मा हुनेछ ।
सम्झना चोक, पोखरा, बाजेको सेकुवामा मिति: २०८० फागुन १५ गते (27th Feb. 2024) मा हुनेछ ।
झापा, सि.पी. होटलमा मिति: २०८० फागुन १७ गते (29th Feb. 2024) मा हुनेछ ।
सम्पर्कको लागि: काठमाडौं- ९७६५३९८२३९, ९८५१०६१०२९, ९८०८९५७४६५/ पोखरा- ९८०५८५६८०९, ०६१५९०६५३, ०६१५९१६५३
झापाको लागि: ९८०१४४४०८१, ९८०१४४४०८२, ९८०१४४४०८३, ०२३५९११२६

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्भौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Employment Creation Service Pvt. Ltd.
श्रम ईजाजत नं. ४००/०६०/०६१
Pancha Kumari Mandir, Sinamangal-9, Kathmandu, Nepal
Tel: +977-1-4488393, 4487496 E-mail : info@ecsmanpower.com
Website : ecsmanpower.com


# सम्पत्ति शुद्धीकरणसम्बन्धी विधेयक विधायन समितिमा

**काठमाडौं (प्रस)-** राष्ट्रिय सभाको आइतबारको बैठकले 'सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ लाई दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाएको छ ।

कानुन न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले प्रस्तुत गरेको सो विधेयकलाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस् भन्ने प्रस्तावलाई सर्वसहमतिले स्वीकृत गरेको हो ।

बैठकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त मन्त्रिपरिषद् सदस्यको कार्यभार तोकिएकोसम्बन्धी पत्रको व्यहोरा जानकारी गराइएको थियो । त्यस्तै, प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिका सभापति मायाप्रसाद शर्माले 'प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिको वार्षिक प्रतिवेदन, २०७९/८०' सभामा पेस गरेको थियो ।

राष्ट्रिय सरोकार तथा समन्वय समितिकी सभापति दिलकुमारी रावल थापा (पार्वती) ले 'राष्ट्रिय सरोकार तथा समन्वय समितिको तहगत अन्तरसम्बन्ध र समन्वय विषयक अध्ययन प्रतिवेदन, २०८० सभासमक्ष पेस गरिन् ।

त्यस्तै विधायन व्यवस्थापन समितिका सभापति जयन्तीदेवी राईले 'विधायन सम्बन्धी विधेयक, २०८०' सम्बन्धी विधायन व्यवस्थापन समितिको प्रतिवेदनसभा समक्ष पेस गरे । राष्ट्रिय सभाको अर्को बैठक यही फागुन ११ गते दिउँसो १ बजे बस्ने छ ।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : COFFESTA COFFEE SHOP

पूर्व स्वीकृति मिति : २०८०/११/०६ LT. No.300184 चलानी नं. ६०२१५१५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 0 | 2 | 1400 | ५१,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Waiter | 2 | 0 | 1400 | ५१,०६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १४ गते (26th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्भौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ASLIYA MANPOWER SUPPLY PVT. LTD.
श्रम ईजाजत नं. १६६९/०८०/०८१
Kathmandu Metropolitian City-9, Gairigaun, Bagmati Province
Phone No. 9843148012



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : WASELNY EST FOR SERVICES FOR PEOPLE WITH SPECIAL NEEDS

पूर्व स्वीकृति मिति २०८०/११/०४ LT. No. 300113 चलानी नं. ६०२१५०३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Data Entry Operator | 0 | 1 | 150 | ६४,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Office Seceretry | 0 | 1 | 150 | ६४,८०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १४ गते (26th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्भौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Honesty Overseas Pvt.Ltd.
श्रम ईजाजत नं. १०००/०६८/०६९
Basundhara Chowk-8, Kathmandu, Nepal
Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np


## कर्मचारी आवश्यकता

सोलुखुम्बु जिल्ला सोलुदुधकुण्ड नगरपालिकाको च.न. ८१८ मिति २०८०/११/०३ को प्राप्त अनुमति पत्र अनुसार सोलुदुधकुण्ड न.पा.-१ रिङ्मुमा अवस्थित **श्री रिङ्मु आधरभुत विद्यालय नि.मा.वि.** तहको रिक्त नि. मा वि राहत तृ दरबन्दी कोटाको करार सेवामा शिक्षक नियुक्ति गर्नुपर्ने भएको हुनाले योग्यता पुगेका योग्य नेपाली नागरिकहरूबाट दरखास्त आह्वान गरिन्छ । आवश्यक कागजातहरू, परीक्षा स्थान, परीक्षाको किसिम तपसिल बमोजिम हुने व्यहोरा जानकारी गराइन्छ ।

**तपसिल**

१. विज्ञापन नं.: ०२/०८०/०८१
२. पद संख्या: १ जना
३. तह: नि.मा.शि. तृ श्रेणी (राहात) गणित
४. तलव स्केल: नेपाल सरकारले तोके बमोजिम
५. शैक्षिक योग्यता: गणित विषय लिई कम्तिमा १०+२ वा सो सरह उत्तीर्ण गरेको
६. उमेर: १८ वर्ष पुगी ४० वर्ष ननाघेको
७. विशेष प्राथमिकता: कम्प्युटरमा दक्ष

**आवश्यक कागजातहरू:**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी २/२ प्रति
२. स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलिपी २/२ प्रति
३. एस. एल. सी. देखि माथिका सम्पुर्ण शैक्षिक योग्यताको प्रतिलिपी २/२ प्रति

परीक्षाको किसिम:
लिखित मौखिक र आवश्यक परेमा प्रयोगात्मक समेत

**परीक्षा दस्तुर:**

क. रु २००० पछि फिर्ता नहुने गरी
ख. निवेदन पेश गर्ने स्थान: श्री रिङ्मु आ.वि. को कार्यालय
ग. परीक्षा हुने स्थान: सोलुदुधकुण्ड नगरपालिकाको कार्यालय सल्लेरी सोलुखुम्बु
घ. निवेदन पेश गर्ने अन्तिम मिति: २०८० फागुन १३ गते कार्यालय समयभित्र
ङ. सम्पर्क मिति: २०८० फागुन १४ गते
च. परीक्षा मिति: सम्पर्क मितिको दिन तोकिनेछ ।
छ. सम्पर्क नम्बरहरू: वि.व्या.स. अध्यक्ष ङती शेर्पा- ९८४११६५८९६

**प्रधानाध्यापक- दिनेश फुयल ९८६२९५१४६६**
**नोट: परीक्षाको दिन पेश गरेका प्रमाणपत्रहरूको सक्कल लिइ आउनु पर्ने छ ।**


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CONNECT RESOURCES.

पूर्व स्वीकृति मिति: २०८०/११/०६ LT. No. 300218 चलानी नं. ६०२१५१३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 26 | 0 | 1219 | ४४,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner | 12 | 0 | 1155 | ४१,७६५ | | | | | | | |
| 3 | Electrician | 4 | 0 | 1282 | ४६,३५५ | | | | | | | |
| 4 | Electrician (Industrial) | 13 | 0 | 1440 | ५२,०७० | | | | | | | |
| 5 | Messenger | 5 | 0 | 1282 | ४६,३५५ | | | | | | | |
| 6 | Steel Fixer | 4 | 0 | 1219 | ४४,०८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: सुनसरी, सुनसरी ट्रेडिङ सेन्टर, इटहरीमा मिति: २०८० फागुन ११ गते (23rd Feb. 2024) मा हुनेछ ।
इटहरीको लागि सम्पर्क नं: ९८२४३२७५९५, ९७०५३५६५४०, ९८०८१०७४७१
अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १२ गते (24th Feb. 2024) मा हुनेछ ।

कम्पनी : INNOVATION DIRECT EMPLOYMENT SERVICES

पूर्व स्वीकृति मिति: २०८०/११/०६ LT. No. 300219 चलानी नं. ६०२१५११२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Female Cleaner | 0 | 50 | 1300 | ४७,००५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १४ गते (26th Feb. 2024) मा हुनेछ ।
भरतपुर गार्डेन रिशोर्ट, भरतपुर हाइट १०, चितवनमा मिति: २०८० फागुन १५ गते (27th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्भौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Yovant Recruitment Services PVT. LTD.)
श्रम ईजाजत नं. १६५२/०८०/०८१
Samakhushi-26, Kathamndu, Nepal Phone No.01-4973973
Mob : 9849842264, 9815015291, 9851019844, yovant1652@gmail.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FORCE ONE CONTRACTING & CLEANING W.L.L

पूर्व स्वीकृति मिति: २०८०/०३/१३ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०६ LT No :288691 चलानी नं. ६०२०४००८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant Gen | 0 | 1 | 4000 | १४५,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Carpenter | 2 | 0 | 1300 | ४६,८३५ | | | | | | | |
| 3 | Cashier | 1 | 2 | 1500 | ५४,०४५ | | | | | | | |
| 4 | Foreman | 5 | 0 | 2500 | ९०,७३० | | | | | | | |
| 5 | General Clean Worker | 18 | 3 | 1000 | ३६,३०० | | | | | | | |
| 6 | Labour | 2 | 0 | 1300 | ४६,८३५ | | | | | | | |
| 7 | Painter | 1 | 0 | 1300 | ४६,८३५ | | | | | | | |
| 8 | Plumber | 2 | 0 | 1300 | ४६,८३५ | | | | | | | |
| 9 | Secretary | 0 | 1 | 2100 | ७५,६६० | | | | | | | |
| 10 | Supervisior | 5 | 0 | 2500 | ९०,७३० | | | | | | | |
| 11 | Waiter | 1 | 3 | 1500 | ५४,०४५ | | | | | | | |

कम्पनी : SALON AL INSAF W.L.L.

पूर्व स्वीकृति मिति २०८०/०४/१० पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०६ LT. No. 289902 चलानी नं. ६०२०५२१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 9 | 1700 | ६०,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Hanna Beautician | 0 | 1 | 1700 | ६०,८६० | | | | | | | |
| 3 | Salesman | 1 | 0 | 1500 | ५४,०४५ | | | | | | | |
| 4 | Women Hairdresser | 0 | 5 | 1700 | ६०,८६० | | | | | | | |

कम्पनी : MONASTIC CLEANING & CONTRACTING WLL

पूर्व स्वीकृति मिति २०८०/०३/१२ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०६ LT. No. 288633 चलानी नं. ६०२०३९३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BUSINESS EXECUTIVE | 6 | 0 | 4000 | १४६,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Data Analyzer | 9 | 0 | 2700 | ९९,०५५ | | | | | | | |
| 3 | Foreman | 15 | 0 | 2500 | ९१,७१० | | | | | | | |
| 4 | GENERAL CLEAN WORKER | 17 | 10 | 1000 | ३६,६८५ | | | | | | | |
| 5 | Helper | 10 | 0 | 1000 | ३६,६८५ | | | | | | | |
| 6 | MANAGER VARIETY | 1 | 0 | 6000 | २२०,१०० | | | | | | | |
| 7 | Sales Supervisor | 1 | 0 | 3000 | ११०,०५० | | | | | | | |
| 8 | SUPERVISIOR | 8 | 2 | 2500 | ९१,७१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १४ गते (26th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्भौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JALAJALA RECRUITMENT PVT.LTD
श्रम ईजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
E-mail: jalajalarecru2017@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ORIENTAL OTTOMAN FOOD RESTAURANT FOR SERVING MEALS

पुर्व स्वीकृति मिति २०८०/११/०४ LT. No. 300021 चलानी नं. ६०२१५११४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1000 | ३५,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १४ गते (26th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्भौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

National Exports Manpower Consultant Pvt. Ltd.
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4233652
E-mail : nationalexportsmc@gmail.com



## HISAN INTERNATIONAL PVT. LTD.

Maitidevi-29, Kathmandu. Tel: 015909028

**PRICE LIST** *(Effective from Date 2080/11/06)*

**FRIGOGLASS (CHEST FREEZER/FLATGLASS)**

| S.N | SIZE | MODEL | MRP |
|---|---|---|---|
| 1 | 250 Ltr | FH1D 250CT | 40,286.97 |
| 2 | 350 Ltr | FH2D 350CT | 47,104.89 |
| 3 | 250 Ltr | FG2D 250CT | 48,537.95 |

**FRIGOGLASS SHOWCASE**

| S.N | SIZE | MODEL | MRP |
|---|---|---|---|
| 4 | 295 Ltr | VG1D 295 | 59,476.86 |
| 5 | 370 Ltr | VG1D 370 | 63,362.40 |
| 6 | 600 Ltr | VG1D 600 | 100,099.46 |
| 7 | 1000 Ltr | VG2D 1000 | 166,763.05 |

*All prices are inclusive of VAT.

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# मेलम्चीमा अख्तियारको आँखा

मेलम्ची खानेपानी आयोजना कुनैबेला सेतो हात्तीका रूपमा चिनिन्थ्यो । त्यस क्षेत्रमा राजनीति गर्नेले महँगा गाडी चढेको देखियो । नेताहरूको जीवनशैलीमा परिवर्तन आयो । तर जनताको घर भने मेलम्चीमा आएको बाढीले क्षणभरमै बगाइदियो ।

२०५७ सालमा नेपाललाई ऋण पत्याएको एसियाली विकास बैंकको पहिलो सर्त हो– सेफ्टी फर्स्ट । नागरिकको होस् या कामदारको आयोजक र ऋण दिने संस्थाको सर्त सबैमाथि यही हुनुपर्ने हो । तर उनीहरूले आफ्नो भिआइपी सल्लाहकार, परामर्शदाता र नेतालाई बाहेक अरूलाई सुरक्षाको कुनै अनुभूति नदिलाएको २०७८ असारमा आएको पहिरो र बाढीले प्रस्टै पार्छ । न त हेडवर्क्स क्षेत्रमा जनता सुरक्षित भए न त तटीय क्षेत्रका जनता ।

यो आयोजनाबाट काठमाडौंले तिर्खा त मेटाचो तर निकै समय दुई दशक लगाएर । कृष्णप्रसाद भट्टराईले २०४८ मै यहाँको पानी काठमाडौं ल्याउने प्रचार गरेका थिए । यो हिसाब गर्दा ३२ वर्ष बढी नै लाग्यो । यसो त यो अध्ययनका वि.सं. २०२० को दशकमै भएको बताइन्छ । यद्यपि यहाँको पानी आउने विषय उपन्यासको कथाभन्दा पनि लामो बनिदियो । यो बीचमा कहानीमा बेग्लाबेग्लै ट्वीस्ट आए ।

कहिले खर्च नपुगेको, कहिले ठेकेदार भागेको, कहिले ठेकेदार भगाएको, कहिले दुर्घटना भएको, गेट नै उल्टो लगाएर इन्जिनियरदेखि चालकको मृत्यु भएको । त्यसपछि हेडवर्क्स नै सार्नुपर्नेसम्मको परामर्श आएको । यही बीचमा सरकारले सार्वजनिक सम्पत्तिमा हानी पुऱ्याएको भन्दै १५ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ । अख्तियारले पौने सात अर्बको बिगो दाबी गर्दै मुद्दा दायर गरेको छ । अख्तियारले दायर गरेको मुद्दाको सूचीमा मेलम्चीको सम्पत्ति दोहन गर्ने शक्तिशालीहरू अझै छुटेका छन् । शक्तिशाली दल नेपाली कांग्रेस, नेकपा एमालेका नेताहरूको नाम सूचीमा देखिन्न । यो सिन्धुपाल्चोक क्षेत्र नम्बर २ मा पर्ने क्षेत्र हो । यहाँका शीर्ष दलका नेताहरूले यो आयोजनाको नाममा जनतालाई उचालेर लामो समय रजगज गरेको विदितै छ ।

पानी थुन्ने ड्यामको मुनि हेडवर्क्स बनाएर मूर्खता गरेका इञ्जिनियर, वातावरण मूल्यांकनमा झूठा प्रतिवेदन बुझाउने नक्कली अध्यताहरू पनि यहाँका दोषी हुन् । स्थानीय जनताले नछुनु भनेर अडान लिएको पहरामा जबरजस्ती सुरुङ खोपेर आयोजनाले ठूलो नोक्सानी गरेको छ । जबकि स्थानीयले भनेझैं अहिले पानीको इन्टेक नै सार्नुपर्ने अध्ययनले पुष्टि गरेको छ । यस्तो अवस्थामा अख्तियारले यो विषयमा कडाइका साथ थप अनुसन्धान बढाउने र बाँकीलाई पनि मुद्दा हालेर उठेको बिगो रकम इन्टेक सारी पानीको दिगो पथान्तरणका लागि लगानी गर्दा निकै फलदायी हुने देखिन्छ ।

## मननयोग्य

### चाणक्य नीति

धधचन्द्रगुप्त हिँडिसकेपछि धेरै समयसम्म चाणक्य सोच्न बाध्य भए । उनले आफ्ना अनुचर शंकरदेवलाई बोलाई भने- 'तिमी तुरुन्तै जाऊ आजै मुरालाई लिएर आऊ भन्नु आचार्य वात्स्यायनले बोलाएको छ ।' आज्ञा पाई शंकरदेव गए । चाणक्य फेरि आफ्नो विचारमा मग्न भए ।

सोच्दै, हात पारेको शत्रुलाई छोड्नु पाप हो चन्द्रगुप्त महानन्दको वध गर्न चाहँदैन, महानन्द जीवित हुनुको अर्थ चन्द्रगुप्तको मृत्यु अनि मेरो प्रतिज्ञा त्यो पनि थाहा छैन के हुन्छ ? यो समय चुक्ने समय होइन भोलि सूर्योदयका साथसाथै महानन्दको वध गराउनुपर्छ । अनि यो हत्याराका रगतले मेरो पिताको तर्पण गर्न सक्छु । ...कौटिल्यको प्रतिज्ञा भोलि अवश्य पूर्ण हुन्छ ।

सन्ध्या सकिन लागेको थियो । शंकरदेव मुरालाई लिएर चाणक्यका कुटीमा प्रवेश गरे । प्रणामपछि मुरालाई आफ्ना आसनको छेउमा बसाले ।

मुरा- महात्मन् ! के आज्ञा छ ? अपर्झट यो समयमा किन बोलाइयो ? चाणक्य- आपतमा शक्तिको आवश्यकता पर्छ । तिम्रो नामको राज्य स्थापना गर्ने इच्छा छ । तिमीले आफ्नो मुटुलाई ढुङ्गाजस्तो पार्नुपर्छ ।

मुरा- किन छकाउँदै हुनुहुन्छ, स्पष्ट भनिदिनोस् ।

चाणक्य- स्पष्ट छ, महानन्द बन्दी भएको छ, मगधमा चन्द्रगुप्तको अधिकार छ, अलिकति हृदय बलियो बनाई भोलि महानन्दलाई वध गर्ने आज्ञा दिन तयार हुनुपर्छ ।

मुरा- यो के भन्दै हुनुहुन्छ एउटी पत्नी आफ्नो पतिको वध गर्ने आज्ञा पुत्रलाई देओस् । यो कसरी सम्भव हुन्छ ?

चाणक्य- हेर्नोस् देवी ! तपाईंको यही पतिले तपाईं र चन्द्रगुप्तको कस्तो अवस्था बनायो । यो अधमले सयौं नारीलाई बरबाद पार्यो । के यस्तो जीवले बाँचिरहनु उचित हुन्छ ? यदि महानन्द जीवित भयो भने भोलि तिम्रो पुत्र चन्द्रगुप्तको वध गर्नेछ । उसमा तिमी वा तिम्रो पुत्रका लागि कुनै स्नेह छैन ।

मुरा सोच्न लागिन् । अन्त्यमा लामो निःश्वास लिंदै चाणक्यको कुरा स्वीकार गरिन् ।

यसरी मगधको एक क्रुर विलासी शासकको अन्त्य भयो । चाणक्यको प्रतिज्ञा पनि पूर्ण भयो अनि चाणक्यले आफ्नो शिखा (टुप्पी) गाँठो पारी आफ्ना पितालाई तर्पण गरे । चाणक्य राजभवनमा चन्द्रगुप्तलाई सम्झाउँदै थिए- 'तिमी शोक नगर, यो समय खेर फाल्ने होइन । तिम्रा पिताको किरिया-कर्मपछि तिम्रो राज्याभिषेक हुनेछ, तिमीले आज दुई कार्य गर्नु छ, एउटा राज्यको बागडोर सम्हाल्नु, दोस्रो बाबुको काजकिरिया गर्नु ।' क्रमशः

# फागुन ७ : नागरिक अधिकार बहालीको जग



▶▶ धर्मेन्द्र झा

देश अहिले ७४औं प्रजातन्त्र दिवसको उत्सवमय उत्साहमा छ । फागुन ७ का दिन ७४ वर्ष पहिले नेपालीहरू रैतीबाट वास्तविक अर्थमा जनता बनेका हुन् । आजैका दिन नेपालले एकतन्त्रीय जहानीय शासनबाट मुक्ति प्राप्त गरेर प्रजातान्त्रिक शासनको बाटोमा अग्रसर हुने अवसर प्राप्त गरेको हो । देशमा हालसम्म जनताका अधिकार सुनिश्चितताका सन्दर्भमा जे जति आन्दोलन र क्रान्ति भए ती सबैको जग वास्तवमा २००७ साल फागुन ७ मा प्राप्त प्रजातन्त्र नै हो ।

भनिन्छ, प्रजातन्त्र वा लोकतन्त्रको सर्वोत्तम विकल्प प्रजातन्त्र वा लोकतन्त्र नै हो । विश्वमा यहीमात्र यस्तो शासन शैली हो जसले आफूमा रहेको कमजोरी स्वीकार गर्दछ र जनतालाई अधिकारसम्पन्न बनाउन तथा देशमा विकासको खाका कोर्न आफूलाई सच्याउँछ र आवश्यक परिवर्तन गर्दछ । नेपालको राजनीतिक विकासक्रमको लेखाजोखा गर्ने हो भने २००७ सालमा स्थापित प्रजातन्त्र राष्ट्र निर्माणका सन्दर्भमा महत्त्वपूर्ण प्रस्थानबिन्दु भएको कुरामा दुईमत हुन सक्दैन । २००७ साल राजनीतिको यस्तो बिन्दु हो जहाँबाट नेपाल वास्तविक अर्थमा देश बन्ने प्रक्रियाको प्रारम्भ भयो । शासनका संरचनाहरू बन्न थाले । देशमा पहिलोपटक कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका गठनको औपचारिक प्रक्रिया सुरु भयो । कानुनी शासनको जग बसाउने कार्य थालियो । भौतिक पूर्वाधार निर्माणको आवश्यकता बोध हुन थाल्यो । शिक्षा र स्वास्थ पनि देशका लागि आवश्यक विषय हुन भन्ने बोध गरियो । जनताका अधिकार र पहिचानका विषयले स्वर प्राप्त गर्ने अवस्थाको निर्माणका पक्षमा जोड दिन थालियो । यो यही वर्ष हो, जहिले जनताद्वारा नै संविधान निर्माण हुनुपर्छ भन्ने आवश्यकता बोध गर्दै संविधानसभाको औचित्यबारे पनि बहस प्रारम्भ भयो ।

वि.सं. २००७ को सेरोफेरो बुझेका नेपाली नागरिकका हकमा त प्रजातन्त्र दिवसको महत्त्वबारेको बुझाइमा समस्या छैन तर नेपालको पछिल्लो पुस्ताको बुझाइमा भने एकरूपता कायम हुनु जरुरी छ । आजको नेपाली राजनीतिको सम्पूर्ण उपलब्धिको स्रोत २००७ सालको फागुन ७ गते हो भनेर वर्तमान पुस्ताको बुझाइमा एकरूपता विकसित गरिनु अपरिहार्य छ । समयक्रमसँगै नेपालमा प्रजातन्त्रलाई लोकतन्त्र भन्न थालियो । २०६२/६३ को जनाआन्दोलनपछि राजतन्त्रको समाप्तिसँगै अर्थात् गणतन्त्रका दिन सुरु भएपछिका दिनमा लोकतन्त्र शब्द बढी अभ्यासमा आएको हो । लोकतन्त्र वा प्रजातन्त्र जे भनिए पनि अंग्रेजी भाषाको डेमोक्रेसीकै अनुवादका रूपमा यी दुवै शब्दलाई स्वीकारिन्छ ।

### लोकतन्त्रमा सुशासन

लोकतन्त्रसँग सुशासनको घनिष्ठ सम्बन्ध छ । न त सुशासनविना लोकतन्त्र गतिशील हुन सक्दछ न त लोकतन्त्रबिना सुशासन नै कायम हुन सक्दछ । वास्तवमा लोकतन्त्रको आवश्यकता नै सुशासन स्थापनाका लागि हो भनेर भनियो भने अन्यथा हुने छैन । नेपालको राजनीतिक इतिहासको मूल्यांकनको प्रयत्न गर्ने हो भने लोकतन्त्र र सुशासनको सम्बन्ध स्पष्ट हुन्छ । २००७ सालभन्दा पहिला नेपालमा सुशासनको कुनै अवधारणा नै थिएन भन्दा अतिशयोक्ति हुँदैन । न त कुनै कानुन न त कानुनी शासन । न त अदालत न त न्याय नै । न त विकास न त मानवअधिकार । यो सबैको कारण भनेको लोकतान्त्रिक शासनको अभाव थियो ।

पछिल्लो समयमा नेपालमा लोकतन्त्र संस्थागत हुने अवस्थाको निर्माण भएको छ । माथि चर्चा गरिएअनुसार नै नेपालको लोकतन्त्र क्रमशः परिपक्व हुँदै गएको छ र आवश्यकतानुसार यसले आफूलाई परिवर्तित र परिमार्जित गरिरहेको छ । पछिल्लो पुस्ताको लोकतन्त्रले सुशानको अवधारणासँगै मानवअधिकार, संघीयता, समावेशी र पहिचानको कुरालाई स्वीकार गरेको छ । नेपाल पनि स्वाभाविकरूपमा अपवाद हुन सक्दैन । यहाँ पनि यी अवयवहरूलाई स्वीकार गरिएको छ र पछिल्लो समयमा नेपालको संविधान २०७२ ले नेपाली लोकतन्त्रलाई नयाँ ढंगले परिभाषित गर्ने क्रममा संघीयतालाई आत्मसात् गरेको छ ।

### लोकतन्त्रको सवलीकरण र संघीयता

केन्द्रीय सरकारको शक्ति र जिम्मेवारीलाई प्रदेश वा स्थानीयस्तरमा बाँड्ने पद्धति अथवा राज्यसत्ताका अधिकार र दायित्वहरू केन्द्रमा नथुपारी संघ र एकाइमा बाँड्नु संघीय शासन व्यवस्था हो । सामान्य बुझाइ र शाब्दिक अर्थका आधारमा संघीयतालाई शासकीय क्रियाकलापमा अधिकांश जनतालाई सहभागी गराउने राजनीतिक प्रक्रियाका रूपमा पनि परिभाषित गर्न सकिन्छ । वास्तवमा बहुजातीय, वहुभाषिक र बहुधार्मिक समाजको हक, हित र अधिकारको संरक्षण र सीमान्तकृत समूहहरूलाई सशक्तीकरण गर्ने शासन प्रणाली नै संघीयता हो । यस आधारमा विश्लेषणको प्रयत्न गर्ने हो भने संघीयता र लोकतन्त्र एक अर्कासँग अत्यन्त घनिभूतरूपमा सम्बन्धित छ भन्न सकिन्छ ।

> वास्तवमा लोकतन्त्रलाई 'अर्थ' प्रदान गर्न संघीयताको निकै महत्व छ । संघीयता अधिकार तथा शक्तिको विधिवत् विकेन्द्रीकरणको एक मोडेल हो, जो लोकतन्त्रमा मात्र सम्भव छ । खासमा पछिल्लो विश्वमा लोकतन्त्रको सवलीकरणका दिशामा संघीयताले निर्णायक भूमिका निर्वाह गर्ने अवधारणा लोकप्रिय बन्दै गएको छ ।

वास्तवमा लोकतन्त्रलाई 'अर्थ' प्रदान गर्न संघीयताको निकै महत्त्व छ । संघीयता अधिकार तथा शक्तिको विधिवत् विकेन्द्रीकरणको एक मोडेल हो, जो लोकतन्त्रमा मात्र सम्भव छ । खासमा पछिल्लो विश्वमा लोकतन्त्रको सवलीकरणका दिशामा संघीयताले निर्णायक भूमिका निर्वाह गर्ने अवधारणा लोकप्रिय बन्दै गएको छ । अधिनायकवादी शासन व्यवस्थामा अधिकार र शक्तिको विकेन्द्रीकरणको अवधारणामा विश्वास गरिंदैन । अधिकनायकवादमा विश्वास गर्नेहरू सधैं शक्तिको केन्द्रीकरण चाहन्छन् ।

पछिल्लो अवस्थामा नेपालको राजनीतिक अवस्थाको विश्लेषणको प्रयत्न गर्ने हो भने विगतमा केन्द्रीय शासनमा निहीत शक्ति र अधिकार विकेन्द्रीकरणको अवधारणालाई स्वीकार गर्न थालिएको छ र जनतामा वास्तविक अर्थमा सम्प्रभुता निहीत हुने कुरालाई स्वीकार गर्न थालिएको छ । यसको अर्थ हो, नेपालको लोकतन्त्र क्रमशः संस्थागत भइरहेको छ र तल्लो तहसम्मका जनताले लोकतन्त्रको अनुभूत गर्ने वातावरणको निर्माण भइरहेको छ ।

### नागरिक समाज र सामाजिक अभियान

लोकतन्त्रमा नागरिकस्तरमा गठित र सञ्चालित संघसंस्थाले समग्रमा नागरिक समाजको प्रतिनिधित्व गर्ने विश्वास गरिन्छ । लोकतान्त्रिक संस्कृति मौलाएका विश्वका सबै देशमा यो मान्यता लागू भएको पाइन्छ । सार्वजनिक निकाय र त्यहाँको अधिकारीलाई सार्वजनिक कार्य इमानदारीपूर्वक सम्पन्न गरी जनकल्याणका लागि कानुनले अख्तियार प्रदान गरेको हुन्छ ।

त्यस्ता अधिकार प्राप्त निकाय र व्यक्तिलाई अनुसन्धानको दायरामा ल्याई लोकतन्त्र र सुशासन सुनिश्चित गर्ने दिशामा नागरिकस्तरमा दबाबको अभियान सञ्चालन गरिनु जरुरी छ । यसबाट जिम्मेवार र सार्थक लोकतन्त्रको उपस्थितिलाई बल पुग्छ । तर दुःखको कुरा हामीकहाँ अझै पनि नागरिकस्तरमा यस्तो वातावरणको निर्माण हुन सकेको छैन । लोकतन्त्र स्वयंमा देशलाई सकारात्मक दिशामा डोऱ्याउने एक एक अभियान हो र यो अभियान राज्यमात्रैका भरमा सफल हुन सम्भव छैन । यसका लागि नागरिकस्तरमा अभियान सञ्चालन हुनु अपेक्षित छ ।

### प्रेस र नागरिक समाजको उपस्थिति अपरिहार्य

प्रेस स्वतन्त्रता र नागरिक समाजको फराकिलो उपस्थिति कुनै पनि लोकतान्त्रिक व्यवस्थाको सफलताका लागि एक महत्त्वपूर्ण सर्त मानिन्छ । कहीँ पनि लोकतन्त्र छ भनेर भनियो भने त्यहाँ स्वाभाविकरूपमा प्रेस स्वतन्त्रता र नागरिक समाजको निर्वाध गतिविधिको प्रत्याभूति छ भन्ने बुझिन्छ । लोकतन्त्रले नेपाल र नेपालीलाई प्रेस स्वतन्त्रता र नागरिक समाजको फराकिलो उपस्थितिको अवसर प्रदान गरेको छ । २००७ सालको फागुन ७ नै यस्तो प्रस्थान बिन्दु हो जसले नागरिक अधिकारको बहाली, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र सुसूचित हुन पाउने जनताको हकको पक्षमा जगको ढुंगा राखेको हो । यी सबैको सम्बन्ध नागरिकको मौलिक अधिकारको बहालीसँग छ ।

जनताको सुसूचित हुन पाउने हकको प्रत्याभूति पनि प्रेस स्वतन्त्रतामार्फत नै हुन सक्ने विश्वव्यापी मान्यता छ । र, समग्रमा यी सबैको सम्बन्ध लोकतन्त्रको संरक्षण, सम्बर्द्धन र विकाससँग छ । पछिल्लो दिनमा परिवर्तन र नागरिक अधिकार संस्थागत भएको देख्न नचाहने तत्त्व र समूहबाट प्रेस र नागरिक समाजमाथि आक्रमण भइरहेको छ भन्नु अन्यथा नहोला । यसको अर्थ हो, समग्रमा लोकतन्त्रमाथि नै आक्रमण गर्ने र आघात पुऱ्याउने जमातको आकार वृद्धि भइरहेको छ । यस्ता तत्त्व र समूह प्रेस र नागरिक समाज अर्थात् सारमा लोकतन्त्र नै क्रियाशील भएको देख्न चाहँदैनन् । तिनले समाज रूपान्तरण भएको देख्न चाहँदैनन् । यस्तोमा लोकतन्त्रको बृहत् हितका पक्षमा त्यस्ता तत्त्वको निर्मूलीकरण आवश्यक छ । यति हुन सके जिम्मेवार लोकतन्त्रका पक्षमा अनुकूल वातावरणको निर्माण सहज हुन सक्छ । *रासस*

*(लेखक राष्ट्रिय समाचार समितिका कार्यकारी अध्यक्ष हुन्)*

# संविधान संशोधनको गृहकार्य : आजको आवश्यकता



▶▶ श्याम रिमाल

जनताको, जनताद्वारा, जनताका लागि भन्ने प्रजातन्त्रको बहुत चर्चित र ग्राहृय भनाइ पृथ्वीबाट कहिल्यै नष्ट हुन्न र यस्तो शासन बहुसंख्यक देशमा अहिले पनि लागू नै छ । जनताद्वारा प्रत्यक्ष निर्वाचित जनप्रतिनिधिले शासन चलाउने, आवधिक निर्वाचन हुने, निश्चित राजनीतिक सिद्धान्त वा दर्शनमा आधारित भएर संगठन गर्न पाइने, वाक तथा अभिव्यक्ति स्वतन्त्रताको उपभोग गर्न पाइने जस्ता थुप्रै प्रावधान भएको वर्तमान गणतान्त्रिक व्यवस्था र शासकीय स्वरूप नेपालमा पनि सञ्चालनमा छ । जुनसुकै देशमा पनि जनताद्वारा गरिने शासन नै अन्तिम विकल्प हो । विनाजनअनुमोदन बलजफ्ती वा 'ईश्वरीय वरदान' का रूपमा कसैले वा कुनै समूहले अन्य शासन व्यवस्था चलाइहाले पनि अन्ततः त्यसले जनताका अदालतमा पुग्नु परिहाल्छ र तिनका निर्देशनमा सत्ता चलाउनैपर्छ ।

नेपालले किरात, लिच्छवी, मल्ल, शाहकाल हुँदै अहिलेका अवस्थामा आइपुग्दा विभिन्न राज्यप्रणाली अपनाउँदै आएको छ । इसापूर्व ६०० तिर हालको नेपालमा पर्ने कपिलवस्तु त राजाको शासन भए पनि गणतान्त्रिक वा प्रजातान्त्रिक ढंगले नै चलेको थियो जहाँ कुनै ठूला निर्णयहरू लिँदा जनताको मत लिइन्थ्यो । जनतालाई प्रजा, लोक र जन शब्द प्रयोग गरे पनि प्रजातन्त्रको मूलभूत मान्यता भनेको जनता लक्षित जनप्रतिनिधिकै शासन व्यवस्था हो र यो नै सौन्दर्यमूलक पनि हुन्छ ।

नेपालले पटक-पटकको संघर्ष, बलिदान, आन्दोलन, क्रान्तिका माध्यमबाट रोजेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अहिलेको यथार्थ हो । जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका, कानुनी राज्यको अवधारणालगायत लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण तथा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न जनताद्वारा निर्वाचित प्रतिनिधिबाट गठित संविधानसभाले निर्माण गरेको संविधानको प्रयोगमार्फत नै दुई आवधिक निर्वाचन भइसकेको छ र त्यसको बहुमतले पुनः अर्को राज्य व्यवस्था र शासकीय स्वरूपको माग गरेको छैन । यसैले लोकतन्त्रको विकल्प समृद्ध लोकतन्त्र नै हो, जसबाट संसद्मा जनताले आफूले चाहेको प्रतिनिधिलाई ल्याउन वा कोही कसैलाई चुनिन र सरकार परिवर्तन गर्न आधार छ तर व्यवस्था नै परिवर्तन गर्न भन्न सकिन्न ।

प्रजातान्त्रिक राज्यको अर्थ सरकारका केही दैनन्दिन गतिविधि, संसद् अधिवेशन र त्यसका बैठक, कूटनीतिक व्यवहार, राजनीतिक दल र तिनका भ्रातृ-भगिनी संगठनका बैठक-सम्मेलन-अधिवेशन, नागरिक समाज र संघसंस्थाको चहलपहल, मेला-उत्सव-महोत्सव-चाडपर्व-सांस्कृतिक गतिविधिमात्र भइरहनु होइन । राजनीतिक दलहरूका गठबन्धन, मोर्चा र भाषणमा पनि सर्वसाधारण जनतालाई खासै सरोकार हुन्न । जनताबाट निर्वाचित भएका नाताले विधायकहरूले जनताका माग र देशीय आवश्यकतानुसारका ऐन-कानुन निर्माण गर्नुपर्ने हुन्छ । प्रजातान्त्रिक राज्यका सांसदहरूले जनताका दैनन्दिनका काम र विकास निर्माणमा पनि सक्रिय सहभागिता जनाउनुपर्छ । जनतालाई चेतनशील बनाउँदै तिनका सरोकारका क्षेत्रमा तिनलाई सक्रिय सहभागिता गर्न लगाएर विकासको फल पाएको अनुभूति गराउन सक्नुपर्छ ।

सरकारको मुख्य कर्तव्य आफ्ना घोषणापत्रमा उल्लेख भएबमोजिम जनताको सेवा गर्नु हो । मूलतः जनताका दैनिक आवश्यकताका वस्तु, शिक्षा, स्वास्थ्य, रोजगारी र शान्तिसुरक्षा दिनु सरकारको दायित्व हुन आउँछ । संविधानमा उल्लेख भएको सूचना, धार्मिक स्वतन्त्रता, भाषा-संस्कृति, स्वच्छ वातावरण, खाद्यसुरक्षा, आवास, श्रम, सामाजिक सुरक्षा र न्यायजस्ता मौलिक हकअधिकार उपभोग गर्न पनि जनताले पाउनुपर्छ । सरकारका मन्त्रीहरूले गर्ने आश्वासन र भाषणले तिनलाई पुग्दैन । सरकारी संयन्त्र सदैव जनताका काममा क्रियाशील हुनुपर्छ र आवश्यकतानुसार तिनका घरदैलामा नै नागरिकता, राष्ट्रिय परिचयपत्र, राहदानीजस्ता कागजपत्र निर्माण तथा संकट, विपत्ति वा अभावका बेला दाउरा, ग्यास, मट्टितेल, खाद्यसामग्री लिएर पुग्नुपर्छ ।

सरकारमा जानु भनेको आफू, आफ्नो परिवार र आफन्तहरूलाई राजकीय सेवासुविधा पुऱ्याउने वा राज्यका जिन्सी-सम्पत्तिमा स्वतः स्वामित्व वा हक पुग्ने भन्ने होइन, अनि कानुनी सीमाबाट माथि रहने भन्ने पनि होइन । प्रजातन्त्र भनेको पारदर्शिता पनि हो । त्यसैले आफ्ना सम्पूर्ण सम्पत्ति, गतिविधि, रहनसहन, कारोबारलाई पनि समाजमा खुला गरिदिनुपर्छ जसबाट जनताले सोचून् कि हाम्रा शासकहरू हाम्रै लागि पसिना चुहाइरहेछन्, देशकै लागि मरिमेटिरहेछन् । शासनमा पुगेको अल्पसमयमै विलासिता, बैंक ब्यालेन्स, हाउभाउ, रहनसहन, व्यवहारमा अचाक्ली परिवर्तन आउनु भनेको जनताप्रतिको आफ्नो कर्तव्य नबुझेको ठहर्छ । जनताले त्यसमा विरोध जनाउँदा शासक असहनशील हुनुहुँदैन । जनताको भाग खोस्दा पछि चुनावमा उसैले हराउने सम्भावना हुन्छ, प्रजातन्त्रको गूढार्थ पनि त्यही हो कि जनताले आफ्ना प्रतिनिधिको अनुहार पढिरहेका हुन्छन् र फेर्ने वा पुनःजिताउने भनी चुनावकै मुख हेरेर बसिरहेका हुन्छन् ।

मुलुक वा जनताले अहिले चाहेको खास काम सुशासन पनि एक हो । नेता, कर्मचारीहरूकै संलग्नतामा नक्कली भुटानी नागरिक, ललिता निवास र सुन तस्करीजस्ता ठूला काण्ड पनि देखियो । ललिता निवाससम्बन्धमा त अदालतबाट फैसला पनि आइसक्यो र जनता ठूला काण्डबारे हुने निर्णय पर्खेर बसेका छन् र अन्य भ्रष्टाचार प्रकरणमा पनि फाइल खोलियोस् भनी आवाज उठाउँदै छन् ।

मुलुकमा अहिले पनि राजकीय व्यवस्था र शासकीय स्वरूप फेर्न केही समूह उद्धत छन् । वर्तमान निर्वाचन प्रणालीले भ्रष्टाचारलाई निम्त्याएकाले त्यसलाई फेर्न दल, सांसद, बुद्धिजीवी, नागरिक समाजबाट माग भइसकेको छ । कोशी प्रदेशमा पहिचानको अधिकारका लागि विभिन्न समूहले आन्दोलन गरिरहेका छन् । संघीयता सुदृढ गर्न तीनै तहको सरकारका कार्यक्षेत्र र अधिकारमा पनि थप बहस गर्न थालिएको छ । त्यसैले वर्तमान 'नेपालको संविधान' निर्माण भएको आठ वर्ष बितिसकेकाले त्यसमा आवश्यकता र औचित्यका आधारमा संशोधन गर्न विभिन्न समूहबाट आग्रह आइरहेकाले त्यसलाई पनि सम्बोधन गरिनु आवश्यक देखिएको छ । यसबारे गृहकार्य गर्न थालेमा १० वर्षका समयमा संशोधन गर्न सकिन्छ । यसैले यससम्बन्धी समिति वा कार्यदल गठन गरेर काम अघि बढाउँदा शासन व्यवस्थाविरुद्ध नै हुनसक्ने आन्दोलन न्यून गर्न सकिन्छ ।

प्रजातन्त्रलाई बलियो बनाउनाको साटो यसलाई आफू केन्द्रित बनाउने पात्र र प्रवृत्ति जन्मिरहन्छन् । तिनमाथि खासगरी मिडिया, नागरिक समाज एवं बुद्धिजीवीले निगरानी र खबरदारी गरिरहनुपर्छ । राष्ट्रिय एकता र सामाजिक सद्भावमाथि पनि कहिलेकाहीँ आक्रमण गर्ने समूह र नियत पनि बेलाबेलामा जन्मिरहन्छन् । यिनको भण्डाफोर गर्न तथा मुलुकको राष्ट्रियता-सार्वभौमिक अखण्डता-स्वाधीनताको रक्षा गर्न राष्ट्रिय समाचार समिति, गोरखापत्र संस्थान, रेडियो नेपालजस्ता राज्यका सञ्चार गृहसमेतले आ-आफ्नातर्फबाट भूमिका खेलिरहनुपर्छ । समग्रमा प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्रलाई जरैदेखि सुदृढ गर्न राजनीतिक दल, सरकार, संसद्, न्यायपालिका, मिडिया र नागरिक समाज सदैव क्रियाशील हुनुपर्छ र यिनसँग सम्बन्ध पात्रहरूले आफू उदाहरण बनेर देखाउन खरो रूपमा उत्रनैपर्छ । प्रजातान्त्रिक व्यवस्थाको जग सचेत जनता नै भएकाले तिनलाई बिनाउद्देश्यको हुलबाट अलग्याई सकारात्मक जागरण ल्याउन सबै पक्ष क्रियाशील हुनु पनि आवश्यक छ । *रासस*

# जैविक मार्गको अवरोधले मानव–जीवजन्तुबीचको द्वन्द्व बढ्दै

**कञ्चनपुर-** लालझाडी-मोहना संरक्षित वन क्षेत्र हात्तीलगायतका वन्यजन्तुको पुरानो जैविक मार्ग (करिडोर) का रूपमा रहेको छ। संरक्षित वन क्षेत्र हात्ती, बाघ, चितुवा, चित्तललगायतका वन्यजन्तुको ओहरदोहर गर्ने मार्गका रूपमा परिचित रहेको छ।

भारतीय दूधुवा नेसनल पार्क हुँदै वन्यजन्तु संरक्षित वन र शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज क्षेत्रमा पुग्ने गर्दछन्। निकुञ्ज, संरक्षित वन क्षेत्र र दूधुवा नेसनल पार्क जोड्ने पुरानो जैविक मार्ग मासिँदा जंगली जनावरले प्रतिवर्ष मानवीय र भौतिक क्षति पुर्‍याउँदै आएका छन्। जैविक मार्गको कनेक्टभिटी टुटेपछि जंगली जनावर बस्ती छिर्ने गरेका हुन्। पुनर्वास नगरपालिकाको डोकेबजार, नौरंगा, दोदा नदीको आसपासको क्षेत्रमा जंगली जनावरले ओहरदोहर गर्दै आएका छन्।

जैविक मार्गको अवरोध हटाउनका लागि पटक-पटक बहस र छलफल हुने गरे पनि सार्थकतामा परिणत नहुँदा मानव वन्यजन्तु द्वन्द्व बढ्दै जान थालेको डिभिजन वन कार्यालय कञ्चनपुरका डिभिजनल वन अधिकृत भीमप्रसाद कँडेलले जानकारी दिए। 'हात्ती हिँड्डुल गर्ने वन क्षेत्र कम हुन थालेपछि मानव बस्तीमा पसेको छ, बालीनाली खान थालेको छ,' उनले भने, 'अहिले मानवबस्ती बसेको ठाउँ हात्तीको पुरानो जैविक मार्ग हो, त्यो टुक्रिएको छ।' उनका अनुसार दूधुवा हुँदै हात्तीको बथानले संरक्षित वन क्षेत्र, निकुञ्ज हुँदै चुरे क्षेत्र पुग्ने गर्दछन्।

'यो हात्तीको पूर्खौंदेखिको हिँड्ने मार्ग भएकाले पछिल्लो पुस्ताले पनि अर्को बाटो हिँड्दैन,' अधिकृत कँडेलले भने, 'पुर्खाले हिँड्ने बाटो नै अतिक्रमण गरी हाल मानवीय संरचना निर्माण भएपछि हात्तीले विध्वंश निम्त्याउने गर्दछ।' हात्तीमात्रै नभएर हाल भारत नेपालका वनमा बाघ, चितुवा, चित्तललगायतका जनावरले पनि ओहरदोहर गर्दै आएका छन्।

दिउँसै चितुवालगायतका जनावर देखिने गरेको उनले सुनाए। नेपाल-भारत सीमा क्षेत्रसँग जोडिएको क्षेत्र भएकाले अन्तर्राष्ट्रिय महत्त्वको जैविक मार्गका रूपमा रहेको उनले बताए। 'अन्तर्राष्ट्रिय महत्त्वको क्षेत्र भएकाले संरक्षणको क्षेत्रमा विदेशी दातृ संस्थाको चासो पछिल्लो समय बढ्दै गएको छ,' उनले भने, 'यसको महत्त्वबारे स्थानीय बासिन्दालाई बताएर जागरुक गराउन जरुरी छ, त्यसलाई आत्मसात गरी अगाडि बढाउँदै छौं।' वन क्षेत्रमा अतिक्रमणको समस्या पुरानै रहेको चर्चा गर्नुहुँदै उनले नयाँ अतिक्रमण हुन नदिइने र कानुन अनुसार अतिक्रमण हटाउने कार्य हुँदै आएको बताए।

'जैविक मार्ग भएर ओहरदोहर गर्ने जीवजन्तु संरक्षणका लागि जनचेतनाका माध्यमबाट स्थानीय बासिन्दामा जागरण पैदा गर्नुपर्ने अवस्था आएको छ,' उनले भने, 'जीवजन्तुले बालीनालीमा क्षति पुर्‍याए वा मानवीय क्षति पुर्‍याए क्षतिपूर्तिको व्यवस्था गर्नुपर्छ।' पछिल्लो समय जीवजन्तुले क्षति पुर्‍याएमा राहत निर्देशिका बमोजिम क्षतिपूर्ति दिने गरिएको उनले जानकारी दिए। जनचेतनाको पाटोलाई बलियो बनाउन धेरै काम गर्न बाँकी छ।

सामुदायिक वन समन्वय समिति कञ्चनपुरका अध्यक्ष महेशदत्त जोशी वन अतिक्रमण हुँदै जानु, खुला चरिचरन र वन क्षेत्र वरपरका बासिन्दाको आयआर्जनका अवसरमा कमी हुँदा वन संरक्षणको क्षेत्रमा चुनौती थपिँदै गएको बताए। बर्सेनि हुने भू-क्षय, आगलागीका घटनाले वनको जैविक विविधतामा खलल पर्न थालेको उनको भनाइ छ।

'लालझाडी मोहना संरक्षित वन क्षेत्र वन्यजन्तुको बासस्थानका रूपमा विकसितमात्रै नभएर यस क्षेत्रले जैविक विविधता सांस्कृतिक विशेषता पनि बोकेको छ,' उनले भने, 'वन क्षेत्र नजिक बसोवास गर्ने बासिन्दाको हित पनि सोचिनु जरुरी छ।'

वन क्षेत्र संरक्षण भएर नै वन्यजन्तुको ओहोरदोहोर केही वर्षयता निकै बढेको उनले बताए। जलाधार क्षेत्रका रूपमा रहेका तालतलैया, सीमसार क्षेत्रको संरक्षणमा सामुदायिक वन, दातृ निकाय र अन्य सरोकारवाला पक्षको चासो बढ्दै गएपछि जीवजन्तु संरक्षणमा टेवा पुगेको उनको भनाइ छ। उनका अनुसार संरक्षित वन क्षेत्रको ८७ प्रतिशत भू भाग तराई र भावरमा पर्दछ भने १३ प्रतिशत भू-भाग चुरे क्षेत्रमा पर्दछ। जैविक विविधताले भरिपूर्ण यो क्षेत्र जीवजन्तुको जैविक मार्गसँगै प्राकृतिक ताल तलैयाले भरिपूर्ण रहेको छ। आवादीसहित यसको क्षेत्रफल ३७ हजार २९.५४ हेक्टर रहेको छ। वन क्षेत्र मात्रै २९ हजार ६४१.७५ हेक्टर रहेको छ।

'संरक्षण क्षेत्रभित्रका तालतलैया उचित व्यवस्थापन गर्नुपर्ने अवस्था रहेको छ,' संरक्षणकर्मी पुनाराम चौधरीले भने, 'सीमसार क्षेत्रको व्यवस्थापनमा पनि ध्यान जानुपर्दछ।' वन अतिक्रमणका कारण जैविक मार्गमा जोखिम बढेकाले अतिक्रमण हटाउन पहल गरिनु आवश्यक रहेको उनको सुझाव छ। वन क्षेत्र नजिक बस्ने बासिन्दाको वन माथिको निर्भरता कम गरी नवीकरणीय ऊर्जातर्फ डोर्‍याउनुपर्ने जय लक्ष्मी सामुदायिक वनकी अध्यक्ष बसन्ती रानाले बताइन्। *रासस*

## लाइसेन्स हरायो

मिति २०८०/१०/०१ गते ठमेलबाट वनस्थलीसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको लाइसेन्स बुक तथा प्रमाण पत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु।

**नाम : सुनिल घले**
**लाइसेन्स नं.: १५८७२/०७५**
**ठेगाना : काठमाडौं, वनस्थली**
**सम्पर्क : ९८१३०७५१२३**

## अधिकृत वारेसनामा बदर गरिएको सार्वजनिक सुचना

सिला शर्मा धितालको नातिनी, विष्णु प्रसाद धितालको छोरी नवलपरासी जिल्ला गैंडाकोट न.पा. वडा नं. ११ (साविक मुकुन्दपुर गा.वि.स. वडा नं. ३) हाल देवचुली न.पा. वडा नं. १४ घर भई हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ३१ बानेश्वर बस्ने वर्ष ३१ की लिना धिताल (ना.प्र.नं. ३५५८२, मिति २०६०।०८।२२, जि.प्र.का. नवलपरासी) आगे मेरो नाउँमा मालपोत कार्यालय ललितपुरमा दर्ता श्रेष्ता कायम रहेको ललितपुर जिल्ला लामाटार न.पा./गा.वि.स वडा नं. ५/५ख को कित्ता नं. क्रमस: १००९, १०००, ८६१, १००४, १०११ को क्रमस: ०–०–०–२ (३.९७ ब.मि.), ०–१–०–२ (३५.७७ ब.मि.), ०–०–१–० (७.९५ ब.मि.) ०–०–२–० (१५.९० ब.मि.) र ०–१–०–० (३१.८० ब.मि.) जग्गा मिति २०७५।०८।१९ मा काठमाडौं जिल्ला अदालतबाट हरिलाल पौड्यालको नाति, प्रकासचन्द्र शर्माको छोरा नवलपरासी जिल्ला प्रगतिनगर गा.वि.स. वडा नं. ५ (हाल देवचुली न.पा. वडा नं. १४) घर भई हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ३१ बानेश्वर बस्ने वर्ष ३९ को शरद पौड्याल (ना.प्र.नं. ४४२२, मिति २०५३।१०।१५ जि.प्र.का. नवलपरासी) लाई मुलुकी देवानी कार्यविधि संहिता, २०७४को दफा १५३(२), १५४(१) र ४२५ बमोजिम किनबेच गर्न अधिकृत वारेसनामा गरिदिएकोमा उक्त कार्य म आफैंले गर्ने भएकोले उक्त वारेसनामा मुलुकी देवानी कार्यबिधि संहिता, २०७४ को दफा १५५(१)(ग) बमोजिम बदर गरेको यो सार्वजनिक सुचना प्रकासित गरिएको छ।

## युएईमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : BERKELEY SECURITY SERVICES & BUILDING CLEANING (BR. OF BERKELEY SERVICES UAE LLC**

पूर्व स्वीकृति मिति २०८०/०७/०२ | LT. No.294017 | चलानी नं. ६०२०९३२०

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Cleaner | 528 | 97 | 800 | २८,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: चितवन, भरतपुर, होटल रेड कार्पेटमा मिति: २०८० फागुन १४ गते (26th Feb. 2024) मा हुनेछ।
रूपन्देही, बुट्वल, एसियन पार्टी प्यालेसमा मिति: २०८० फागुन १५ गते (27th Feb. 2024) मा हुनेछ।
कास्की, पोखरा, लेखनाथ मार्ग, विश्राम खाजा घरमा मिति: २०८० फागुन १६ गते (28th Feb. 2024) मा हुनेछ।
संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १७ गते (29th Feb. 2024) मा हुनेछ।

**कम्पनी : BERKELEY SECURITY SERVICES & BUILDING CLEANING (BR.OF BERKELEY SERVICES LLC)**

पूर्व स्वीकृति मिति २०७९०/०२/११ | LT. No.263326 | चलानी नं.६०१७९७४४

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Cleaner | 1 | 14 | 800 | २८,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १४ गते (26th Feb. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**(डि. के. रिभर ओभरसिज प्रा.लि)**
**DK RIVER OVERSEAS (P.) LTD.**
Govt.Lic. No. 1102/073/074
Tokha-09, Gangabu, Kathmandu,
Tel : 01-4980932/4982214/4955132
Mobile : 9851219532 Email : dkriverhr@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : SHARIQ INDUSTRIAL TRADING & CONTRACTING COMPANY LIMITED**

पूर्व स्वीकृति मिति २०८०/११/०६ | LT. No. :300238 | चलानी नं. ६०२१५०८७

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Bus Driver | 5 | 0 | 1800 | ६३,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६३,७३० | | | | | | | |

**कम्पनी : MAZAYA AL KHAIR BAKERY FOR BREAD**

पूर्व स्वीकृति मिति २०८०/११/०६ | LT. No. :300239 | चलानी नं. ६०२१५०८८

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Accountant | 2 | 0 | 2500 | ८८,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Administrative Assistant | 2 | 0 | 1800 | ६३,७३० | | | | | | | |
| 3 | Bus Driver | 3 | 0 | 1800 | ६३,७३० | | | | | | | |
| 4 | Electrical Appliances Maintenance Labour | 1 | 0 | 1300 | ४६,०२५ | | | | | | | |
| 5 | Marketing Specialist | 1 | 0 | 5500 | १९४,७३० | | | | | | | |
| 6 | office and facility cleaning labor | 5 | 0 | 1100 | ३८,९४५ | | | | | | | |
| 7 | packing and filling labor | 9 | 0 | 1000 | ३५,४०५ | | | | | | | |
| 8 | Shelves Packing Labour | 10 | 0 | 1200 | ४२,४८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १४ गते (26th Feb. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**All Asia Overseas Pvt.Ltd**
श्रम इजाजत नं. १३०५/०७४/०७५
Santinagar Chowk, Kareshwor Marga, New Baneshwor-31, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : HABABAH RESTAURANT CO. WLL**

पूर्व स्वीकृति मिति २०८०/११/०६ | LT. No. 300133 | चलानी नं. ६०२१५१२७

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KD | ने.रू. | | | | | | | |
| 1 | Cooks Assistant | 6 | 0 | 125 | ५४,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waitress | 0 | 4 | 115 | ४९,६८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १४ गते (26th Feb. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**SWIFT H.R. SOLUTION PVT. LTD.**
श्रम इजाजत नं. ११९७/०७३/०७४
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com

# Thabang Rural Municipality

## Office Of The Rural Municipal Executive

**Thabang, Rolpa**
**Lumbini Province**

## INVITATION FOR BIDS

***First Date of publication: 30-01- 2023 ( 2080/10/16 )***
***Second Date of publication: 19-02- 2024 ( 2080/11/07 )***
***Notice No: 47***

***Invitation Of Bids For Procurement And Supply Upto Road Head Of Fabricated Steel Parts For Maranthana Koijabang Trail Bridge***

**CONTRACT IDENTIFICATION NO: TRM-ROLPA/G/SQ/12/2080/081**

1. **The Government of Nepal (GoN)** has allocated TB-SWAp funds to Thabang Rural Municipality for **Trail/Truss Bridge Program** and the Rural Municipality intends to apply the funds to cover eligible payments under the Contract for supply of fabricated steel parts for Trail/Truss Bridges. Bid is open to all eligible Nepalese Bidders.
2. The Rural Municipality invites bids from registered fabricators for supply of fabricated steel parts for following Truss/Trail Bridges. Detailed Evaluation and Qualification Criteria are provided in the Bid Documents.
3. The Bidders/Fabricators with experience of successfully completing fabrication and supply of steel parts for minimum five Truss/Trail bridges within last five years and enlisted by DoLI ***(http://www.nepaltrailbridges.org.np/2015/fabricators)*** are eligible for bidding. New fabricators may apply in joint venture with an eligible firm having the required experience. Fabricators who are not enlisted by DoLI may also apply. However, bids of such fabricators shall be considered responsive only in case fabricators fulfill the requirements.
4. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Thabang Rural Municipality, Thabang Rolpa.
5. Bidders can download Bidding documents for e-submission from PPMO's e-GP System ***www.bolpatra.gov.np/egp***. Biddres, submitting their bids electronically should deposit non-refundable fee NRs.1000.00 (One thousand Rupees only/-)
6. The electronic bids must be submitted to the office through PPMO's e-GP system ***www.bolpatra.gov.np/egp*** on or before 12:00 Noon on 2080/11/22 B.S (2024/03/05 A.D) bids received after this deadline will be rejected.
7. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00** on on 2080/11/22 B.S (2024/03/05 A.D) at the office of Thabang Rural Municipality, Rolpa Bids must be valid for a period of **45 days** after bid opening and must be accompanied by bid security which shall be **valid for 30 days** beyond the bid validity period.
8. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The name and identification of the contract are as follows

| Contract ID | Description of Works | Estimated Amounts (Including VAT) | Bid Security Amounts | Bid Document Fee |
|---|---|---|---|---|
| TRM-ROLPA/G/SQ/12/2080/081 | Procurement And Supply Upto Road Head Of Fabricated Steel Parts For Maranthana Koijabang Trail Bridge | 18,41,681.02 ( Eighteen lakhs Fourty One thousands Six hundred Eighty One rupees and Two paisa only) | 45,000.00 (Fourty Five Thousands Rupees Only) | 1000.00 (One Thousands Rupees Only) |

10. **Information to bidders:**
    **To deposit for purchase bid document**
    Name of the bank: Global IME Bank , Thabang Rolpa
    Name of the office: Thabang Rural Municipality, Thabang, Rolpa
    Account Name and No.: Aantarik Rajaswo Thabang 28504010000009
    **To deposit for bid Security**
    Name of the bank: Global IME Bank , Thabang Rolpa
    Name of the office: Thabang Rural Municipality, Thabang, Rolpa
    Account Name and No.: Dharauti Khata Thabang, 28504010000003
11. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

### 'घर ज्वाइँ'को सुटिङ सुरू

दयाहाङ राई र मिरूना मगर प्रमुख भूमिकामा रहेको फिल्म 'घर ज्वाइँ' को सुटिङ सुरू भएको छ । निर्माता जनक घर्ती मगरका अनुसार शनिबार पूर्वी रूकुमको लुगममा क्यामरा पूजा गरि सुटिङ थालिएको हो । अनिल बुढामगरको निर्देशन रहेको फिल्म पूर्वी रूकुमको लगुम, तकसेरा,ढोरपाटनलगायतका स्थानमा खिचिने छ । करिब ३५ दिनको सेड्युल राखिएको फिल्ममा दयाहाङ र मिरूनाका साथमा बुद्धि तामाङ, शिसिर वाङ्देल, पुस्कर गुरूङ,भोला सापकोटा, राज थापा काउचा, कविता आले,शिला आले,अनु थापा,बिना मगर, खड्गबहादुर पुन (खबपु) सोनाम लामा, विवेश बुढा, सुनील मगरलगायतले अभिनय गर्नेछन् ।



# हेटौंडामा चलचित्र पत्रकार संघको भेला




■ प्रभाव संवाददाता

**हेटौंडा–** चलचित्र पत्रकार संघ नेपालको प्रथम राष्ट्रिय भेला हेटौंडामा सुरु भएको छ । फागुन ८ गतेसम्म चल्ने भेलामा ११ सेसनमा विभिन्न कार्यक्रम हुनेछन् ।

स्थापनाको २५ वर्ष पुरा भएको अवसरमा संघले हेटौंडाको पल्पसा प्याराडाइज होममा कार्यक्रमको आयोजना गरेको हो । चलचित्र पत्रकार संघ मकवानपुर शाखालको आयोजना, समन्वय तथा व्यवस्थापनमा सुरु भएको भेलामा सिनेमा पर्यटनको आधारलाई अघि सार्दै संघले राष्ट्रिय भेलामा सिनेमा संवाद, अन्तरक्रिया, कार्यशाला, गोष्ठी, कार्यपत्र प्रस्तुतलगायतका विभिन्न कार्यक्रमहरू गरिने जनाइएको छ । भेलामा सिनेमा र पर्यटनका विभिन्न विषयमा ११ सेसनमा संवाद हुने संघका अध्यक्ष समीर बलामीले जानकारी दिए ।

भेलामा चलचित्र पत्रकारितामा क्रियाशील १०० बढी पत्रकार, चलचित्र निर्माता, निर्देशक, चलचित्रकर्मीहरूको उपस्थिति रहेको छ । स्थानीय ठाउँहरूलाई नेपाली सिनेमा मार्फत पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले राष्ट्रिय भेलाको आयोजना गरेको अध्यक्ष बलामीले बताए ।

कार्यक्रममा नेपाली चलचित्र उद्योगको कार्यपत्र र चलचित्र पत्रकारिता क्षेत्रको कार्यपत्र प्रस्तुत हुने चलचित्र पत्रकार संघ मकवानपुर शाखा अध्यक्ष कपिल खड्काले बताए । फागुन ६ गते भेलाको औपचारिक उद्घाटनपछि बागमती प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालयले तयार पारेको चलचित्र ऐन मस्यौदा माथि छलफल हुनेछ ।

प्रेस काउन्सिल नेपालले सोही कार्यक्रममा विट पत्रकारिता र हेटौंडाका पत्रकारका लागि पत्रकार आचारसंहितामाथि छलफल गरिने अध्यक्ष खड्काले बताए । उनका अनुसार विज्ञापन बोर्डले अनलाइन व्यवस्थापक सम्बन्धी कार्यशाला आयोजना गर्नेछ भने फागुन ७ गते सिनेमा पर्यटन, सिनेमा बजार, मिडिया प्रमोसन र कर्पोरेट लगानी, फिल्म सेन्सर, नेपाली सिनेमाको अबको बाटो, केन्द्रीय चलचित्र ऐन र सेन्सर कार्यविधि विषयहरूमा संवाद र अन्तरक्रिया कार्यक्रम आयोजना हुनेछ ।

चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसी, सेन्सर बोर्डका अध्यक्ष तथा सहसचिव नेत्रप्रसाद सुवेदी, प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेत, नेपाल टेलिभिजनका महाप्रबन्धक फूलमान वल, बिज्ञापन बोर्डका अध्यक्ष लक्ष्मण हुमागाईं, बागमती प्रदेशका सञ्चार रजिष्ट्रार रेवती सापकोटा, पर्यटन बोर्डका प्रबन्धक सूर्य थपलिया, सञ्चार मन्त्रालयका प्रतिनिधि, पर्यटन मन्त्रालयका प्रतिनिधिलगायत वक्ताहरूको उपस्थिति कार्यक्रममा रहनेछ ।

यस्तै दयाराम दाहाल, नरेन्द्र महर्जन, जनक तामाङ, स्वस्तिमा खड्का, केकी अधिकारी, दिनेश डिसी, आकाश अधिकारी, निश्चल बस्नेत, अशोक प्यासी राई, मनोज पण्डित, सन्जोग बस्याल, अरुण बराल, चिरञ्जीवी पौडेल, मोहन निरौला, राजु केसी, नबल खड्का, रवि अधिकारी, के एल पीडित, विदुर गिरी, शान्तिप्रिय, ध्रुव लम्साल, प्रकाश सायमी, डब्बु क्षेत्रीलगायत चलचित्रकर्मी तथा पत्रकारहरूको उपस्थिति रहनेछ ।

# 'गोर्खा वारिअर'को धरानमा प्रिमियर

## मुख्यमन्त्री कार्कीदेखि मेयर सम्पाङसम्म पुगे हलमा

■ प्रभाव संवाददाता



**धरान–** चलचित्र 'गोर्खा वारिअर'को शनिबार धरानमा भव्य प्रिमियर गरिएको छ । लाहुरेको सहर भनेर चिनिने धरानको बाराह भवनमा रहेको फ्रेन्ड्स सिनेमाज हलमा गोर्खा वारियरको प्रिमियर गरिएको हो । कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीको प्रमुख अतिथि रहेको प्रिमियरमा धरान उपमहानगरका प्रमुख हर्क साम्पाङ विशिष्ट अतिथि थिए ।

चलचित्रको प्रिमियर अघि विभिन्न जातजातिहरूले आफ्नो भेसभुसा र पहिरनमा सजिएर बाजागाजा सहित धरानको छाताचोकबाट सिनेमा हलसम्म गोर्खा वारियरको ब्यानर सहित झाँकी निकालेका थिए । सो झाँकीमा यो चलचित्रका कलाकार तथा प्राविधिकहरू समेत सहभागी भएका थिए । प्रिमियर समारोहमा चलचित्रकर्मी तथा अतिथिहरूका सम्मानमा सशस्त्र प्रहरी बलका ब्यान्ड टोलीका कलाकारहरूले सो चलचित्रको गीत सहित राष्ट्रिय भावका गीतको धुन प्रस्तुत गरेका थिए ।

प्रिमियर मुख्यमन्त्री कार्की, धरानका मेयर साम्पाङसहित सांसदहरू, विभिन्न राजनीतिक पार्टीका नेताहरू, सामाजिक अभियान्ताहरू, सरकारी निकायका विभिन्न उच्च ओहोदाका कर्मचारीहरू, स्थानीय निकायका पदाधिकारीहरू, पेसागत तथा विभिन्न जातजातिसँग सम्बन्धित सङ्घ संस्थाका पदाधिकारीहरू, प्राध्यापक, साहित्यकार, कलाकार, पत्रकार, तथा बुद्धिजीवीलगायतका अतिथिले चलचित्र गोर्खा वारियर हेरे ।

यो प्रिमियरमा गोर्खा वारियर टिमबाट निर्देशक चाम्स, निर्माता सुमन राई, सहनिर्माता ज्योतिराज राई, अभिनेता रितेश चाम्स, रियर राई, विजय लामा, अभिनेत्री रेविका गुरुङ, सञ्चारकर्मी नरेश भट्टराईलगायत सहभागी थिए

चलचित्र हेरेपछि मुख्यमन्त्री कार्कीले निर्देशक मिलन चाम्सले गोर्खा सैनिकको जीवन सँघर्षमा उत्कृष्ट चलचित्र बनाएको बताए । यो चलचित्रले विश्वमा ब्रिटिस गोर्खा सैनिकको 'गोर्खा वारिअर'को रूपमा नयाँ परिचय थपिएको बताउँदै कार्कीले भने,'यो फिल्म मात्र नभएर हामी हरेकको कथा र पहिचान हो । यसलाई हौसला दिनुपर्छ ।'

यस्तै धरानका मेयर हर्क साम्पाङले अहिलेसम्म आफूले हेरेको नेपाली चलचित्र मध्य गोर्खा वारियरले सबैभन्दा बढी मन छोएको बताए । फिल्म हेर्दा आफूले पटक पटक आँसु रोक्न नसकेको पनि उनले बताए । 'गोर्खा वारियर निक्कै उत्कृष्ट सिनेमा बनेको रहेछ । वीर गोर्खाली सैनिकको सँघर्षसँगै पीडाको कथामा बनेको यो फिल्म साँच्चै मार्मिक र सशक्त छ ।' मेयर साम्पाङले भने ।

गोर्खा वारियरका निर्देशक चाम्सले भने, 'धरानमा आज सम्पन्न ऐतिहासिक भव्य रेड कार्पेट प्रिमियरमा सबैले गर्नु भएको प्रशंसाले म उत्साहित छु । चलचित्र भोलीबाटै यहाँको सिनेमा हलमा अग्रिम बुकिङ खुलेको र आजैबाट एक पछि अर्को शोको अग्रमी बुक गर्ने क्रम सुरु भएको खबरले हामी सबै हर्षित छौं ।'

११ फागुनबाट देशव्यापी रिलिज हुने यो चलचित्रको अब ७ फागुनमा पोखराको मिड टाउन सिनेमा र ९ गते काठमाडौंको बिग मूभिजमा प्रिमियर गरिँदैछ ।



# नेपाल 'ए' टोली क्यानडा-११ सँग पराजित



■ प्रभाव संवाददाता

**काठमाडौं–** एकदिवसीय शृंखलाको पहिलो खेलमा नेपाल 'ए' टोली क्यानडा-११ सँग चार विकेटले पराजित भएको छ ।

माथिल्लो मूलपानी क्रिकेट मैदानमा आइतबार भएको खेलमा नेपाल 'ए'ले प्रस्तुत गरेको दुई सय १७ रनको लक्ष्य क्यानडाले ४९ दशमलव तीन ओभरमा ६ विकेट गुमाउँदै पूरा गर्‍यो । क्यानडाका लागि नवनीत धलिवालले सर्वाधिक ८० रनको योगदान दिए । उनले ७६ बल खेल्दै १० चौका र दुई छक्का प्रहार गरे । यसैगरी निखिल दत्तले ११५ बलमा पाँच चौका र एक छक्काको मद्दतमा अविजित ६७ रन बनाए । कप्तान साद बिन जफरले २३, श्रेयस मोम्भाले अविजित २२ तथा दिलप्रित बाज्वाले १० रन बनाए ।

बलिङतर्फ नेपाल 'ए' का लागि साहब आलमले दुई तथा रासिद खान, बसिर अहमद, प्रतिश जिसी र सागर ढकालले एक एक विकेट लिए ।

त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको नेपाल 'ए'ले निर्धारित ५० ओभरको खेलमा आठ विकेट आठ गुमाउँदै दुई सय १६ रन बनायो । नेपाल 'ए' का लागि बसिर अहमदले ५५ बलमा तीन चौका र एक छक्काको मद्दतमा अविजित ५० रनको योगदान दिए । यसैगरी रासिद खानले ४०, मयन यादवले ३५, किरण ठगुन्नाले २५, विवेक यादवले २१ र सन्दीप जोराले १४ रन बनाए । बलिङतर्फ क्यानडका लागि साद बिन जाफले तीन, ईश्वरजीत सोधीले दुई तथा डिलोन हेलिगर, हर्ष ठेकर र शाहिद अहमदजाइले एक एक विकेट लिए । उक्त शृंखलाको दोस्रो खेल यही फागुन ८ गते हुने छ ।

## एपीएफ र गोर्खाली क्लब विजयी

**काठमाडौं (प्रस) –** काठमाडौंमा सुरु भएको फिफ्टिन्स रग्वी च्याम्पियनसिपमा गोर्खाली रग्वी क्लब र एपीएफ क्लबले जित निकालेका छन् । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा सुरु भएको प्रतियोगिमामा गोर्खाली रग्वीले नेपाल पुलिस क्लब र एपीएफले साविक विजेता आर्मीलाई हराएका हुन् । पहिलो खेलमा गोर्खालीले पुलिसलाई ५४-३ को स्कोरमा पराजित गर्यो । दोस्रो सेटमा पुलिसले अंक जोड्न असफल रह्यो । दोस्रो खेलमा एपीएफले आर्मीलाई २९-१५ को स्कोरमा पराजित गरेको छ ।

पहिलो चरणको खेलमा जित निकाल्दै आर्मी र एपीएफले समान दुई अंक जोडेका छन् । लिग चरणमा हुने प्रतियोगिताका शीर्ष टिमले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन् ।

प्रतियोगितामा गोर्खाली, आर्मी, पुलिस र एपीएफ गरि चार टिम सहभागी छन् । दोस्रो चरणको खेल बुधबार हुनेछ । प्रतियोगिताको विजेताले १ लाख रूपैयाँ सहित रनिङ ट्रफी प्राप्त गर्नेछ । दोस्रो हुने टिमले ५० हजार रूपैयाँ प्राप्त गर्नेछ ।

**शुक्लाफाँटा-कञ्चनपुर टी-२० क्रिकेट**

# आयोजक शुक्लाफाँटालाई उपाधि

■ प्रभाव संवाददाता




**महेन्द्रनगर (कञ्चनपुर)–** कञ्चनपुरको महेन्द्रनगरमा सम्पन्न तेस्रो शुक्लाफाँटा-कञ्चनपुर टी-२० क्रिकेट प्रतियोगिताको उपाधि शुक्लाफाँटा नगरपालिकाले जितेको छ । शनिबार फाइनल खेलमा दोधारा चाँदनी नगरपालिकाको टिमलाई सुपरओभरमा पराजित गर्दै शुक्लाफाँटा नगरपालिकाले उपाधि जितेको हो ।

उपाधि विजेता टिमलाई समापन समारोहमा शुक्लाफाँटा नगरपालिकाका प्रमुख रणबहादुर महराले नगद रु एक लाख एक हजार, ट्रफी र प्रमाणपत्रसहित पुरस्कृत गरे । त्यसैगरी उपविजेता दोधारा चादँनीको टिम रु ५१ हजार, ट्रफी र प्रमाणपत्रसहित पुरस्कत भएको आयोजक कञ्चनपुर जिल्ला क्रिकेट संघका अध्यक्ष वीरेन्द्रबहादुर चन्दले जानकारी दिए ।

प्रतियोगिताको फाइनल खेलमा १९ दशमलव पाँच ओभरको समाप्तिमा शुक्लाफाँटाले सबै विकेट गुमाउँदै एक सय २४ रनको लक्ष्य दोधारा चाँदनीसामु प्रस्तुत गरेको थियो । शुक्लाफाँटाका लागि विशाल ऐरले २४ बलमा २९ रन र कैलाश ऐरले २८ बलमा २८ रन बनाएका थिए भने टिमका लागि प्रकाश थापाले तीन विकट लिएका थिए । एक सय २४ रनको विजयी लक्ष्य पछ्याएको दोधारा चाँदनीले १९ दशमलव चार ओभरमा एक सय २४ रन बनाएपछि खेल ड्र भएको थियो । त्यसपछिको सुपरओभरमा शुक्लाफाँटाले जित निकालेको आयोजकले जानकारी दिएको छ ।

प्रतियोगिताको उत्कृष्ट खेलाडीमा भीमदत्त नगरपालिकाका मिलन बोहरा घोषित भएका छन् । नौ पालिकामध्ये लालझाँडी र बेलौरी नगरपालिका भने प्रतियोगितामा सहभागी थिएनन् । प्रतियोगिताको समापन समारोहमा क्रिकेटका योगदान पुर्याएका व्यक्तित्वहरूलाई सम्मानसमेत गरिएको छ ।

समापन समाराहेमा शुक्लाफाँटा नगरपालिकाका नगरप्रमुख रणबहादुर महरा, सुदूरपश्चिम क्रिकेट संघका निर्वमान अध्यक्ष हरि रेग्मी, कैलाली खेलकुद विकास समितिका अध्यक्ष ललित खत्री, कञ्चनपुर खेलकुद विकास समितिका कार्यालय प्रमुख गोपालदत्त भट्टलगायतको सहभागिता थियो ।

# पुष्पलाल स्मृति र्‍यांकिङ ब्याडमिन्टन अर्को साता

■ प्रभाव संवाददाता

**काठमाडौं –** तेहौं संस्करणको पुष्पलाल स्मृति राष्ट्रिय र्‍यांकिङ ब्याडमिन्टन प्रतियोगिता फागुन महिनाको तेश्रो साता हुने भएको छ ।

खेल सामाग्री उत्पादक संस्था लि-निङ्गको मुख्य प्रायोजन रहेको प्रतियोगिता फागुन १४ देखि १९ गते सम्म संचालन हुनेछ ।

नेकपा एमाले निकट भातृ संस्था नेपाल खेलकुद महासंघ अन्तरगत रहेको राष्ट्रिय ब्याडमिन्टन संघ, नेपालको आयोजनामा काठमाण्डौको महांकाल ब्याडमिन्टन क्लब, चन्द्रगिरीको कभर्डहलमा आयोजना हुने प्रतियोगितामा विभिन्न १२ बिधामा प्रतिस्पर्धा हुने आयोजकले जनाएका छन् ।

प्रतियोगितामा नेपाल ब्याडमिन्टन संघको शीर्ष ८ बरियतामा रहेका पुरुष र महिलाहरूको एकल, ८ बरियता देखि



बाहेकका पुरुष र महिला एकल, पुरुष र महिला युगल, यु-१७ ब्वाइज र गल्स एकल, भेट्रान्स ४५ बर्ष माथी र मास्टर्स ५५ बर्ष माथीको स्पर्धाका साथ यस पटकको प्रतियोगितामा यु-१३ को ब्वाई र गल्स एकलको थप विधा समावेश गरिएको छ ।

प्रतियोगिताको कुल पुरस्कार रासी ७ लाख २३ हजार रहेको छ । शीर्ष ८ बरियताका खेलाडीहरूको प्रतिस्पर्धा दुई समूहमा विभाजन गरि लिग कम नकआउटका आधारमा खेलाईने छ । यस विधामा सहभागी प्रत्येक खेलाडीले नगद १५ हजार प्राप्त गर्ने र लिग चरणका प्रत्येक खेलमा जित हात पारे बापत थप नगद १५ सय प्राप्त गर्ने छन् ।

दुई समूहका शिर्ष २ स्थान प्राप्त गर्ने खेलाडीहरूले सेमीफाईनलमा स्थान पक्का गर्नेछन् । बिजयी खेलाडीले नगद ५० हजार, उपबिजयीले नगद ३० हजार र सेमिफाईनलिस्ट द्वयले नगद करिव १५ हजार नगद सहित मेडल, ट्रफी र प्रमाण पत्र प्राप्त गर्ने संघका महासचिव सुनिलमान शाक्यले जानकारी गराएका छन् ।

प्रतियोगितामा शीर्ष तीन स्थान प्राप्त गर्ने खेलाडीहरूले मेडल, ट्रफी र प्रमाण पत्रका साथ शीर्ष ८ बरियता देखि बाहेकको पुरुष एकल र महिला एकलका शीर्ष तीन स्थान प्राप्त गर्नेले नगद २० हजार, १० हजार र ५ हजार प्राप्त गर्ने छन् । यस्तै पुरुष युगल तर्फ शीर्ष तीन स्थान प्राप्त गर्नेले नगद ३० हजार, १५ हजार र ५ हजार प्राप्त गर्नेछन् । महिला युगल तर्फका शीर्ष तीनले नगद २० हजार, १० हजार र ५ हजार प्राप्त गर्ने छन् ।

यु-१७ र यु-१३ विधामा शीर्ष तीन स्थान प्राप्त गर्नेले नगद १५ हजार, ८ हजार र ४ हजार तथा भेट्रान तथा मास्टर्सका शीर्ष तीन स्थान प्राप्त गर्नेले नगद ३० हजार, १५ हजार र ५ हजार प्राप्त गर्ने आयोजकले जनाएका छन् ।

# गाजा सम्बन्धमा सुरक्षा परिषद्को नयाँ मतदान रोक्ने अमेरिकी धम्की

**संयुक्त राष्ट्रसंघ-** गाजामा 'तत्काल' युद्धविरामको माग गर्ने अल्जेरियाको प्रस्तावमा संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्ले आगामी साता मतदान गर्न सक्ने कूटनीतिक स्रोतहरूले शनिबार बताएका छन् । यद्यपि वासिङ्टन फेरि उक्त प्रस्तावलाई अवरुद्ध गर्न तयार रहेको देखिन्छ ।

जनवरीको अन्त्यमा अन्तर्राष्ट्रिय अदालतले इजरायलले गाजामा आफ्नो युद्धमा नरसंहार कार्य रोक्नका लागि हरसम्भव प्रयास गर्नुपर्ने फैसला गरेपछि अल्जेरियाले एउटा नयाँ मस्यौदामा छलफल सुरु गरेको छ । फैसलामा अदालतले इजरायलले हमास लडाकुहरूलाई निशाना बनाइरहेको बताएको छ ।

एएफपीले शनिबार प्राप्त गरेको मस्यौदा प्रस्तावको पछिल्लो संस्करणमा 'तत्काल मानवीय युद्धविरामको माग गरिएको छ र त्यसलाई सबै पक्षले सम्मान गर्नुपर्ने' उल्लेख छ । 'प्यालेस्टिनी नागरिकको जनसंख्याको जबरजस्ती विस्थापनलाई पनि अस्वीकार गर्दछ र सबै बन्धकलाई विनासर्त तत्काल रिहाइको माग गर्दछ,' प्रस्तावमा भनिएको छ ।

अक्टोबर ७ मा हमाससँग सुरु भएको गाजा युद्धमा इजरायलमा अधिकांश सर्वसाधारणसहित करिब एक हजार १६० नागरिक मारिएका थिए । हमासले सञ्चालन गरेको स्वास्थ्य मन्त्रालयका अनुसार इजरायलले गाजामा गरेको जवाफी आक्रमणमा अधिकांश महिला तथा बालबालिकासहित कम्तीमा २८ हजार ८५८ जनाको ज्यान गएको छ ।

अल्जेरियाले मंगलबार राष्ट्रसंघीय सुरक्षा परिषद्मा मतदानका लागि आग्रह गरेको छ तर वासिङ्टनले उक्त मतदानमा विशेषाधिकार प्रयोग गर्नसक्ने संकेत दिएको छ । राष्ट्रसंघका लागि अमेरिकी राजदूत लिन्डा थोमस-ग्रिनफिल्डले अल्जेरियाको प्रस्तावित मस्यौदाबारे एक विज्ञप्तिमा भने, 'अमेरिकी राष्ट्रपति जो बाइडेन इजरायलका प्रधानमन्त्री बेन्यामिन नेतान्याहु र इजिप्ट तथा कतारका नेताहरूसँग बन्धक सम्झौतामा काम गरिरहनुभएको छ, यसले युद्धमा करिब छ साताको युद्धविराम ल्याउने छ ।'

'यसको विपरीत सुरक्षा परिषद्मा राखिएको प्रस्तावले यी परिणाम प्राप्त हुँदैन र वास्तवमा युद्धविरामको विपरीत हुनसक्छ,' उनले भने, 'अमेरिका यो मस्यौदा प्रस्तावमा कारवाहीको समर्थन गर्दैन, यदि मस्यौदाअनुसार यसलाई मतदानका लागि लगियो भने त्यसलाई अपनाउन सकिँदैन ।'

इजरायल र अमेरिकाले विरोध गरेको पछिल्ला मस्यौदा प्रस्तावहरू जस्तै नयाँ मस्यौदा प्रस्तावमा हमासले गरेको अभूतपूर्व आक्रमणको निन्दा गरिएको छैन । यसै महिनाको प्रारम्भमा राजदूत थोमस-ग्रिनफिल्डले अल्जेरियाको पछिल्लो पहलबाट वार्तालाई जोखिममा पार्ने खतरा रहेको बताएका थिए । राष्ट्रसंघका लागि प्यालेस्टिनी राजदूत रियाद मन्सुरले हालै भनेका छन्, 'अब सुरक्षा परिषद्का लागि मानवीय युद्धविरामको प्रस्तावमाथि निर्णय लिने समय आएको छ भन्ने हामीलाई विश्वास छ, सुरक्षा परिषद्का सदस्यहरूबीच मस्यौदा प्रस्तावको तत्त्वहरूका लागि 'ठूलो समर्थन' छ ।'

अक्टोबर र डिसेम्बरमा गाजाको बढ्दो मानवीय संकटमाथि अन्तर्राष्ट्रिय दबाबका बावजुद वासिङ्टनले युद्धविरामको माग गर्ने सन्देशहरूमाथि विशेषाधिकार लगाएको थियो । सुरक्षा परिषद्ले अक्टोबर ७ पछि गाजालाई लिएर दुई वटा मात्र प्रस्तावलाई अपनाएको छ । यसमा प्यालेस्टिनी क्षेत्रमा ठूलो स्तरमा मानवीय सहायता पुऱ्याउन गरिएको आग्रह पनि समावेश छ । *रासस/एएफपी*

# 'रूसका लागि युक्रेन युद्ध जीवन र मृत्युको सवाल'



**मस्को-** युक्रेनका राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनको युद्धभूमिमा भएका घटना रूसका लागि 'जीवन र मरणको विषय' भएको बताएका छन् ।

क्रेमलिनले आफ्नो जनसंख्यामा देशभक्तिको भावना जगाउनका लागि लगभग दुई वर्ष लामो द्वन्द्वलाई रूसको अस्तित्वको लडाइँको रूपमा पटक-पटक प्रस्तुत गर्दै आएको छ ।

पुटिनले रूसी सरकारी टिभीसँगको अन्तर्वार्तामा भने, 'मलाई लाग्छ अझै पनि हामी आफैंले र अझ बढी विदेशमा रहेका हाम्रा श्रोता र दर्शकहरूका लागि हाम्रो सोच्ने तरिका बुझ्न महत्त्वपूर्ण छ ।'

'युक्रेनको मोर्चामा जे भइरहेको छ : उनीहरूका लागि यो उनीहरूको रणनीतिक स्थितिको सुधार हो । यो रूसका लागि जीवन र मृत्युको विषय पनि हो र भाग्य पनि हो,' उनले भने ।

पुटिनले अमेरिकी 'टक शो' प्रस्तोता टकर कार्लसनलाई दिएको दुई घण्टा लामो अन्तर्वार्ताको बारेमा सोधिएको प्रश्नको जवाफमा यस्तो बताएका हुन् । उक्त अन्तर्वार्तामा पुटिनले रूसी इतिहासबारे कुराकानी र युक्रेनको राज्यका बारेमा प्रश्न उठाएका थिए ।

'पश्चिमा र अमेरिकी श्रोता तथा दर्शकका लागि यो सजिलो थिएन,' कार्लसन अन्तर्वार्तामा पुटिनको लामो, ऐतिहासिक विचारबारे सोधिएको प्रश्नमा पुटिनले भने ।

उनले भने, 'संयुक्त राज्य अमेरिकाको इतिहास लगभग ३०० वर्षको छ, र मैले ८६२ मा सुरु गरें । त्यसैले मलाई लाग्छ, अमेरिकी दर्शकका लागि यो बुझ्न सजिलो थिएन ।' *रासस/एएफपी*

# थाइल्याण्डका पूर्वप्रधानमन्त्री थाक्सिन पेरोलमा रिहा



**बैंकक-** थाइल्याण्डका पूर्वप्रधानमन्त्री थाक्सिन सिनावात्रा स्वनिर्वासनबाट स्वदेश फर्केको छ महिनापछि आइतबार पेरोलमा रिहा भएका छन् ।

पेरोल कैदीहरू व्यावहारिक अवस्था पालन गर्न सहमत भएको अवस्थामा तोकिएको अधिकारीहरूसँग सम्पर्कमा रहने गरी हुने रिहाइ हो । सर्तहरू पालना नभएको अवस्थामा उनीहरूलाई पुनः गिरफ्तार गरी जेलमा फिर्ता गर्न सकिन्छ ।

स्थानीय समयअनुसार आइतबार बिहान ६:०६ बजे बैंकको उनको उपचार गरेको र एक वर्षको जेल सजायको छ महिना बिताएको एउटा प्रहरी अस्पतालबाट थाक्सिन कारमा चढेर घर फर्किएका हुन् ।

उनको उपचार गरेको र एक वर्षको जेल सजायको छ महिना बिताएको सिन्ह्वाका संवाददाताहरूले बताएका छन् । थाइल्याण्डकी प्रधानमन्त्री श्रेता थाभिसिनले यस पहिले नै थाक्सिनलाई पेरोलमा रिहा गर्नु कानुनसम्मत हुने बताएका थिए ।

देशको कानुन तथा न्याय मन्त्रालयका अनुसार यसै महिना पेरोलका लागि स्वीकृत ९३० कैदीमध्ये ७४ वर्षीय पूर्वप्रधानमन्त्री सिनावात्रा पनि एक छन् । थाइल्याण्डको कानुनअनुसार उनी ७० वर्षभन्दा बढी उमेर पुगेको र गम्भीर रोगबाट पीडित भएकोले पेरोलका लागि योग्य छन् ।

थाक्सिनले १५ वर्षभन्दा लामो निर्वासन तोडेर गत वर्षको अगस्टमा थाइल्याण्ड फर्किएका थिए तर उनलाई तत्काल हिरासतमा लिइएको थियो र विभिन्न अभियोगमा आठ वर्षुको जेल सजाय सनाइएको थियो । स्वदेश फर्केको केही समयपछि स्वास्थ्य समस्याका कारण उनलाई बैंकको जेलबाट प्रहरी अस्पतालमा सारिएको थियो । गत सेप्टेम्बरमा थाइल्यान्डका राजा महा वजिरालोङकोर्नले थाक्सिनको आठ वर्षको जेल सजाय घटाएर एक वर्ष कायम गरेका थिए ।

थाक्सिन सन् २००१ देखि २००६ सम्म दक्षिणपूर्वी एसियाली मुलुक थाइल्याण्डको प्रधानमन्त्री थिए तर सन् २००८ देखि उनी स्वनिर्वासनमा थिए । *रासस/एएफपी*


## जो जससँग सम्बन्धित

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त **Prince International Employment Service Pvt Ltd** (इजाजतपत्र नं.: ४३५/०६०/०६१) बाट **दाम नारायण मानन्धर**ले यस प्रा लि को नाम प्रयोग गरेर बैदेशिक रोजगारमा पठाई दिन्छु भनि रकम संकलन गरिएको भन्ने सुन्नमा आएकोले यस प्रा लि को गम्भीर ध्यानाकर्षण भएको छ । यस प्रा लि को नाममा गरिने बैदेशिक रोजगार सम्बन्धि सम्पूर्ण काम यस प्रा लि बाट मात्र गर्नु र आर्थिक कारोबार यस प्रा लि को लेखा शाखाबाट मात्र गर्नु हुन अनुरोध गर्दछौं । अन्यथा गरे गराएमा यस प्रा लि जिम्मेवार नहुने पनि यसै सूचनाद्वारा जानकारी गराउदछौं । यस प्रा लि को नाममा अनधिकृत व्यक्तिहरूले वैदेशिक रोजगार सम्बन्धी कारोबार गरे गराएमा यस प्रा लि जिम्मेवार नहुने पनि यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

श्रम ईजाजत नं. ४३५/०६०/०६१

**Prince International Employment Service Pvt. Ltd.**
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, Mobile: 981-3952892, 9706180600
E-mail : info@princeies.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL JABER HEAVY LIFT & TRANSPORT LLC

पूर्व स्वीकृति मिति : २०८०/११/०६ | LT. No. 300216 | चलानी नं. ६०२१५१२३

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Archieve Clerk. | 1 | 0 | 1200 | ४३,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Safety Officer. | 1 | 0 | 2500 | ९०,४०० | | | | | | | |
| 3 | Filing Clerk | 1 | 0 | 1200 | ४३,३९० | | | | | | | |
| 4 | Operator - Crane (50te To 400te) | 8 | 0 | 2500 | ९०,४०० | | | | | | | |
| 5 | Slinger | 8 | 0 | 1200 | ४३,३९० | | | | | | | |
| 6 | Vehicle Mechanic | 1 | 0 | 1800 | ६५,०८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १४ गते (26th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Mass Human Resource Pvt. Ltd.**
(ISO Certified Ethical Recruitment Company)
SAMAKHUSI, KTM, Nepal, TEL: 4983088, 4955765, 9860684532, 9842381591
Govt. License 938/067/068



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ESTABLISHMENT AL-TALAB AL-KHARIJI FOR BEVERAGES

पूर्व स्वीकृति मिति २०८०/११/०६ | LT. No. 300221 | चलानी नं. ६०२१५१३७

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Coffee Maker | 4 | 0 | 1500 | ५३,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १४ गते (26th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३३६/०५९/०६०

**AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD.** (Kumari Overseas Services Pvt. Ltd.)
Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4112588 , 4111286, 4111287 Fax : +977 1 4112590



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : UNITED GLASS INDUSTRIES COMPANY

पूर्व स्वीकृति मिति : २०८०/११/०४ | LT. No. 300148 | चलानी नं. ६०२१५१५८

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Manufacturing Worker | 20 | 0 | 1000 | ३५,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १४ गते (26th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**NABIL OVERSEAS PVT LTD.**
श्रम ईजाजत नं. ३५९/०५९/०६०
Old Baneshwor Ktm, Nepal, Tel: +977-1-4479617/4472474, Fax : +977-1 -4466023



## कतार/कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : INTEGRAL FACILITY MANAGEMENT INTERNATIONAL

पूर्व स्वीकृति मिति २०८०/११/०४ | LT. No.300143 | चलानी नं.६०२१५१४९

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Labour | 9 | 0 | 1000 | ३६,४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : I AND L GLASS FACTORY GENERAL TRADING COMPANY

पूर्व स्वीकृति मिति २०८०/११/०४ | LT. No.300143 | चलानी नं.६०२१५१३२

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KD | ने.रू. | | | | | | | |
| 1 | Maker/Glass Maker | 25 | 0 | 150 | ६४,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १४ गते (26th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: निःशुल्क कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Green Tara International Overseas Services Pvt. Ltd.**
श्रम ईजाजत नं. १०१८/०६८/०६९
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL MARMOOM TOP TECHNICAL SERVICES LLC

पूर्व स्वीकृति मिति २०८०/११/०६ | LT. No. :300217 | चलानी नं.६०२१५१२४

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | General Helper | 200 | 0 | 1000 | ३६,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १४ गते (26th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**KALIKA HUMAN RESOURCE PVT LTD**
Govt. License 1331/074/75
Basundhara, Kathmandu, Nepal. Tel: +977-01-4987803 ,4965281, Mobi No.: 977-9851185716, 9818121112, Email: kalikahuman1331@gmail.com Web: www.kalikahuman.com.np



## MAURITIUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी : PICK AND BUY LIMITED

पूर्व स्वीकृति मिति : २०८०/०८/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०६ | LT. No.:295391 | चलानी नं.: ६०२१०४५४

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | MUR | ने.रू. | | | | | | | |
| 1 | Shelf Worker | 125 | 0 | 15000 | ४२,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Pastry Makers | 30 | 0 | 15000 | ४२,१६० | | | | | | | |
| 3 | Cook | 35 | 0 | 15000 | ४२,१६० | | | | | | | |
| 4 | Store Helpers | 10 | 0 | 15000 | ४२,१६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १४ गते (26th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GRACE OVERSEAS PVT. LTD.**
Govt. License 852/066/067
Chappalkarkhana-04, Kathmandu, Nepal. P.O.Box No.: 3078, Tel : +977-01-4526853
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JASSIM AL-BASSAM AIR CONDITIONING AND REFRIGERATION CONTRACTING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८०/११/०६ | LT. No. 300165 | चलानी नं.६०२१५१३४

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KD | ने.रू. | | | | | | | |
| 1 | HELPERS (INDOOR) | 4 | 0 | 85 | ३६,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १४ गते (26th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**EXPRESS RECRUITER NEPAL PVT. LTD**
Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897
E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SKAF CAFÉ SERVING DRINKS

पूर्व स्वीकृति मिति २०८०/११/०५ | LT. No. 300154 | चलानी नं. ६०२१५०३५

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Food And Beverage Counter Worker | 2 | 0 | 1200 | ४२,४८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १४ गते (26th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Elite Gurkhas Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं.५३५/०६१/०६२
Gongabu Town Planning-29 Kathmandu, Nepal, Tel.: +977-1-4975566, 4975567, 4975568
Fax: 977-1-4975566, E-mail: info@elitegurkhas.com.np, Web:www.elitegurkhas.com.np



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्ज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । बीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ११७६०० | प्रति तोला - ११७०५० | प्रति तोला - १४३० |



**गहुँ हरियै...** | भेरी नगरपालिका-१ होलुखोला स्थितभेरी करिडोरको बीचमा लगाइएको गहुँबाली । जिल्लाको सबै भन्दा बढी सिँचाइ सुविधा भएको र उत्पादनसमेत राम्रो हुने क्षेत्रको रूपमा लिइएको छ । *तस्बिर: हेमन्त केसी/रासस*

# 'आर्थिक स्थायित्वका लागि सरकार प्रतिबद्ध'

■ प्रभाव संवाददाता



**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले मुलुकको अर्थतन्त्र सुधारोन्मुख रहेको र सरकारले आर्थिक स्थायित्व एवं आन्तरिक रोजगारी सिर्जना हुनेगरी काम गरिरहेको बताएका छन् । प्रतिनिधिसभाको आजको बैठकमा सांसदहरूले उठाएका प्रश्नको जवाफ दिँदै प्रधानमन्त्री दाहालले यस्तो बताएका हुन् ।

मुलुकको अर्थतन्त्रका विद्यमान समस्या, बेरोजगारी, युवा पलायनका साथै चुरेको विनाशका बारेमा सांसद किरणकुमार शाहले प्रधानमन्त्रीलाई प्रश्न गरेका थिए । जवाफमा प्रधानमन्त्री दाहालले अहिले अर्थतन्त्रका प्रायःसूचकहरू सकारात्मक रहे पनि केही क्षेत्रमा अझै चाप रहेको संसद्लाई जानकारी गराए ।

'अर्थतन्त्रमा देखापरेका चुनौती हल गर्दै समष्टिगत आर्थिक स्थायित्वमार्फत देशभित्रै आय र रोजगारी सिर्जना गर्न सरकार प्रतिबद्ध छ । सरकारले आन्तरिक उत्पादन वृद्धि र रोजगारी सिर्जनालाई उच्च प्राथमिकता दिएको छ', प्रधानमन्त्री दाहालले भने, 'देशभित्रै रोजगारीका अवसर सिर्जनाका लागि आन्तरिक रोजगारी प्रवर्द्धन दशक अभियानको तयारी भइरहेको छ । उत्पादनमूलक क्षेत्रमा प्राथमिकताका साथ लगानी वृद्धि गरी स्वदेशी श्रमको स्वदेशमा नै उपयोग गर्न सीप विकास तथा रोजगारी सूचना प्रवाहमा स्थानीय तहको सहभागिता वृद्धि गर्ने कार्यक्रमलाई अभियानका रूपमा अघि बढाइँदै छ ।'

दक्ष जनशक्ति उत्पादनका लागि राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान गठन गरिएको प्रधानमन्त्री दाहालले बताए । त्यस्तै स्वरोजगार प्रवर्द्धनका लागि नवप्रवर्तनलाई सार्वजनिक निजी साझेदारीको अवधारणामा राष्ट्रिय अभियानकैरूपमा सञ्चालन गरी यसबाट ठूलो संख्यामा रोजगारी सिर्जना गर्ने लक्ष्यका साथ गृहकार्य भइरहेको उनको भनाइ छ ।

प्रधानमन्त्री दाहालले कृषि, पशुपन्छीपालन, घरेलु, साना तथा मझौला उद्योग, पर्यटन र सूचना प्रविधि क्षेत्रमा सामूहिक उद्यमशीलतामार्फत उत्पादन तथा रोजगारी बढाउने विशेष कार्यक्रम सबै पालिकामा कार्यान्वयन गर्नेगरी अघि बढाइएको बताए । स्वदेश फर्किएर आफ्नै भूमिमा रोजगारी गर्न चाहनेले यस कार्यक्रममा सहभागी हुन विदेशबाटै आवदेन दिनसक्ने गरी नयाँ व्यवस्था गरिने उनले उल्लेख गरे ।

त्यस्तै प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी बनाउन यसको हालको ढाँचामा परिवर्तन गरी यसलाई नतिजासँग आबद्ध गरिने दाहालले जानकारी दिए ।

चुरे क्षेत्रको जैविक विविधता, प्राकृतिक स्रोत, पानी र स्थानीय बासिन्दाको समग्र संरक्षण र दिगो उपयोगमा सरकार प्रतिबद्ध रहेको प्रधानमन्त्री दाहालले संसद्मा बताए । 'चुरे क्षेत्रका नदी कटानको असर रोक्न नदी नियन्त्रण र तटबन्धका काम सञ्चालनमा छन् । राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समितिमार्फत चुरे र मधेस संरक्षणका अरु पनि कार्यक्रम वार्षिकरूपमा सञ्चालन भइरहेका छन्', उनले भने, 'राष्ट्रिय गौरवका रूपमा सञ्चालन भइरहेको चुरे संरक्षण कार्यक्रमलाई अझ प्रभावकारी बनाउन चुरे संरक्षण गुरुयोजना संशोधन गरिँदैछ ।'

सांसद कालुराम राई 'खुम्बु'ले जलवायु परिवर्तन र जैविक विविधता संरक्षणसम्बन्धी सवाल उठाएका थिए । जलवायु परिवर्तनले नेपालका साथै विश्वभर पुऱ्याएको असरबारे नेपालले पछिल्ला दिनमा अन्तर्राष्ट्रिय मञ्चमा नेतृत्वदायीरूपमा प्रखर आवाज उठाएको दाहालले बताए । 'विकसित राष्ट्रले कार्बन उत्सर्जन सम्बन्धमा वहन गर्नुपर्ने जिम्मेवारी पालना गर्नुपर्छ र अल्पविकसित मुलुकका लागि अनुमानयोग्य तथा समतामूलक स्रोत र प्रविधिको व्यवस्था गर्नुपर्छ भन्ने विषय हामीले जोडदार ढङ्गले राखेका छौँ', दाहालले भने, 'संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरसलेसमेत नेपाल भ्रमणका समयमा जलवायु परिवर्तनबाट नेपालले भोग्नुपरेको असर र प्रभावलाई उजागर गर्नुभएको छ । यसबाट बढी कार्बन उत्सर्जन गर्ने मुलुकबाट हरित विकासमा सहयोग पुग्नेगरी क्षतिपूर्तिस्वरूप सहायताका लागि दबाव दिनसक्ने आधार तयार भएको छ ।'

सांसद कल्पना चौधरीले संविधानमा व्यवस्था गरिएका मौलिक हकको कार्यान्वयन र निजामती सेवामा थारुको आरक्षण सम्बन्धमा प्रश्न राखेका थिए । जवाफमा प्रधानमन्त्री दाहालले मौलिक हकको कार्यान्वयन र निजामती सेवामा थारुको आरक्षणका लागि सरकार प्रतिबद्ध रहेको बताए । 'थारुलगायत उत्पीडन र विभेदमा परेका समुदायका संविधान प्रदत्त अधिकार संरक्षणका लागि आवश्यक कानुन निर्माण गर्ने विषयमा सरकार गम्भीर र प्रतिबद्ध छ', प्रधानमन्त्री दाहालले भने । थारु समुदायलाई छुट्टै आरक्षणको व्यवस्थासहितको राष्ट्रिय शिक्षा विधेयक प्रतिनिधिसभामा पेस गरिसकिएको उनले बताए ।

# आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व पहिलो संशोधन अध्यादेश स्वीकृत

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रतिनिधिसभाको आजको बैठकले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८० बहुमतले स्वीकृत गरेको छ । अर्थमन्त्री डा. प्रकाशशरण महतले उक्त अध्यादेश स्वीकृत गरियोस् भन्ने प्रस्ताव आइतबारको बैठकमा राखेका थिए ।

बैठकमा प्रतिनिधिसभा सदस्य प्रेम सुवालले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८० लाई अस्वीकार गरियोस् भनी राखेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गरिएको थियो । सांसद सुवालको उक्त प्रस्ताव भने बहुमतले अस्वीकृत भएको छ ।

राष्ट्रपति रामचन्द्र पौडेलले गत माघ ४ गते आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८० जारी गरेका थिए । अध्यादेशमार्फत ऐन संशोधन गर्दै बजेट क्यालेन्डरसम्बन्धी नयाँ व्यवस्था ल्याइएको थियो । जसअनुसार सरकारलाई बजेटका सिद्धान्त तथा प्राथमिकता फागुन १५ गतेभित्रै संसद्मा पेस गर्न बाटो खुलेको थियो । अध्यादेशमार्फत बजेटको सीमा (सिलिङ) तोक्ने साविकको समयसीमामा पनि संशोधन गरिएको थियो ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ऐनको दफा ११ (१) मा प्रत्येक आर्थिक वर्षका लागि विनियोजन विधेयक पेस गर्नुभन्दा कम्तीमा १५ दिनअगावै अर्थमन्त्रीले विनियोजन विधेयकमा समावेश हुने सरकारका बजेट तथा कार्यक्रमका सिद्धान्त र आयोजना वा कार्यक्रमको प्राथमिकताको विवरण संघीय संसद्मा प्रस्तुत गरिसक्नुपर्ने व्यवस्था रहेको थियो । यो व्यवस्थालाई अध्यादेशबाट संशोधन गरी 'विनियोजन विधेयक ल्याइनुभन्दा तीन महिनाअगावै बजेटका सिद्धान्त र प्राथमिकतामा संसद्मा पेस गरिनुपर्ने' व्यवस्था ल्याइएको हो । संघीय सरकारले विनियोजन विधेयक जेठ १५ गते संसद्मा पेश गर्नुपर्ने कानूनी व्यवस्था छ ।

त्यस्तै, बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकतामाथि संसद्मा छलफल भएर एक महिनाभित्र सरकारलाई सुझाव जानेछ । यसअघि बजेटका सिद्धान्त तथा प्राथमिकता संसद्मा प्रस्तुत भएको सात दिनभित्र सांसदहरूले सुझाव सरकारलाई दिइसक्नुपर्ने व्यवस्था रहेको थियो ।

चालु आर्थिक वर्ष २०८०/८१ को वार्षिक बजेटको बुँदा नं २९ मा आगामी आर्थिक वर्षदेखि मन्त्रालयगत बजेट सीमा निर्धारण भएपश्चात् फागुन मसान्तभित्र विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता संघीय संसद्मा पेस गर्ने व्यवस्था मिलाइने उल्लेख छ । बजेटको यही व्यवस्था कार्यान्वयनका लागि अध्यादेश ल्याइएको थियो । संसदबाट पारित भएसँगै अध्यादेश ऐनका रूपमा लागू हुनेछ । अध्यादेशमार्फत आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको दफा ७ मा संशोधन प्रस्ताव गरिएको थियो । ऐनको उक्त दफामा स्रोतको अनुमान र खर्चको सीमा निर्धारण गर्ने (सिलिङ) सम्बन्धी व्यवस्था रहेको छ ।

# भरतपुर विमानस्थल बिस्तारको सर्भे आजबाट

**चितवन–** भरतपुर विमानस्थलको बिस्तारको प्रक्रिया अघि बढ्ने भएको छ । यहाँ रहेको नेपाली सेनाको घोडा प्रजनन् केन्द्र शक्तिखोरमा स्थानान्तरण गरेर धावनमार्ग बिस्तार गर्न लागिएको हो ।

विस्तारका लागि सर्वे गरी डिजाइन गर्नुका साथै डिजाइन अनुरूप ओएलएस (अप्स्ट्रेकल लिमिटेशन सर्वे) गरिने छ । सर्वेको काम सोमबारबाट सुरु गरिने भएको हो । गत शुक्रबार भरतपुर महानगरपालिका प्रमुख रेनु दाहालको अध्यक्षतामा बैठक बसेर सोमबारबाट काम सुरु गर्ने सहमति भए अनुरूप काम सुरु हुन लागेको हो । भरतपुर बिमानस्थलका प्रमुख दीपक बिकका अनुसार नै प्राबिधिकहरूको टोली चितवन आइपुग्दै छ । उनले भने, 'सोमबारदेखि काम अघि वढाउँदै छौ । एक हप्ताभित्र सर्वेको काम सम्पन्न हुने छ ।'

नगर प्रमुख दाहालको अध्यक्षतामा बसेको बैठकमा महानगरका उपप्रमुख चित्रसेन अधिकारी, नेपाल नागरिक उड्यन प्राधिकरणका महानिर्देशक प्रदिप अधिकारी



सहितको उपस्थिति थियो । बैठकले विमानस्थल विस्तार र घोडा प्रजन्नन केन्द्र शक्तिखोरमा स्थान्तरण एक साथ अगाडि बढाउने सहमति गरेको हो । सर्वेको नतिजा आएपछि डिजाइनअनुसार बजेट सुनिश्चित गरेर विस्तारको काम अघि बढाइने छ ।

यस्तै समग्र विमानस्थल विस्तार सहजीकरणका लागि नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाली सेना र महानगरपालिकाको प्रतिनिधि सम्मिलित सहजीकरण समिति गठन गर्ने सहमति भएको छ । गत माघ १८ गते बसेको मन्त्रिपरिषद् बैठकले सैनिक संरचना हटाएर भरतपुर विमानस्थल विस्तार गर्ने निर्णय गरेको थियो । संरचना सार्दा हुने खर्च नागरिक उ•यन प्राधिकरणले बेहार्ने छ । विमानस्थलसँगै नेपाली सेनाको घोडा प्रजनन् केन्द्र लगायत संरचना छन् । कूल ५८ बिघा क्षेत्रफलमा विमानस्थल विस्तारका लागि १९ बिघा जमिन आवश्यक पर्छ । अहिले एक हजार दुई सय मिटरको धावनमार्ग रहेको विमानस्थलमा उत्तर-पश्चिमतर्फ चार सय १२ मिटर बिस्तार गर्ने योजना छ । यसअनुसार विमानस्थलको धावनमार्ग कम्तीमा एक हजार पाँच सय मिटरको बनाउनुपर्ने छ ।

ठूला जहाजसमेत चल्ने गरी विमानस्थल बिस्तार हुनेछ । हाल विमानस्थलको धावनमार्गको लम्बाई कम भएकाले ठूला जहाज उडान-अवतरण गर्न सक्दैनन् । विमानस्थल विस्तार भएपछि यहाँबाट रात्रिकालिन उडान, ठूलो क्षमताका जहाज, धेरै वटा उडान सुरु हुने र हवाईइन्धनको पनि सेवा उपलब्ध हुने हुनेछ । प्रमुख दाहालले सबै तिरबाट एकसाथ काम अघि बढ्ने भएकाले बिमानस्थल बिस्तार छिट्टै हुनेमा विश्वास व्यक्त गरे । *रासस*

# नेप्सेमा उच्च अंकको गिरावट

■ प्रभाव संवाददाता

**काठमाडौं–** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक आइतबार पनि उच्च अंकले ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक २७ दशमलब २१ अंकले ओरालो लागेर दुई हजार ३४ दशमलव ८२ मा सीमित भएको हो ।

ठूला कम्पनीको सेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक तीन दशमलव ३५ अंकले ओरालो लागेर तीन सय ६५ दशमलव २० मा सीमित भएको हो । कारोबार भएका कूल १३ उपसमूहको सेयर मूल्यमा गिरावट भएको छ । कूल एक करोड सात लाख ७२ हजार चार सय ८३ कित्ता सेयर रु तीन अर्ब ७७ करोड ५४ लाख २२ हजार एक सय ९६ मूल्यमा कारोबार भयो ।

कारोबारका आधारमा हिमालयन रिइन्स्योरेन्स शीर्ष स्थानमा छ । सो कम्पनीको रु ४० करोड ९० लाख बराबरको कारोबार भयो । एनआइसी एसिया बैंक रु १३ करोड ६५ लाख ६४ हजार एक सय ४०, जोशी हाइड्रोपावर रु १० करोड १४ लाख एक सय ९२, सगरमाथा जलविद्युत् कम्पनी रु नौ करोड २७ लाख ९३ हजार पाँच सय ९८ र युनियन हाइड्रोपावर रु सात करोड ६१ लख १८ हजार एक सय सात मूल्यमा खरिद बिक्री भई शीर्ष पाँचभित्र पर्न सफल




भएका छन् ।

नेप्सेका अनुसार बोटलर्स नेपाल बालाजु र समाज लघुवित्तको सेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । किसान लघुवित्त आठ दशमलव २२, युनियन हाइड्रोपावर छ दशमलव ६५ र आशा लघुवित्तका लगानीकर्ताले छ दशमलव शून्य चार प्रतिशतले कमाएका छन् । त्यस्तै, सामलिङ पावर आठ दशमलव २१, दोर्दी खोला जलविद्युत् कम्पनी छ दशमलव १५, पाँचथर पावर कम्पनी पाँच दशमलव ९१, बाराही हाइड्रोपावर पाँच दशमलव ८२ र एनआइसी एसिया ग्रोथ फण्डका लगानीकर्ताले पाँच दशमलव ६१ प्रतिशतले गुमाएका छन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ